प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ अंक १८७ काठमाडौं बुधबार, १८ कात्तिक २०८३ Prabhab National Daily Wednesday, 04 November 2026 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-

पूर्वप्रधानमन्त्री नेपालमाथि भ्रष्टाचार मुद्दा खापैखाप

■ जेबी योञ्जन



काठमाडौं– पूर्वप्रधानमन्त्री एवं नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सहसंयोजक माधवकुमार नेपालविरुद्ध भ्रष्टाचार मुद्दा खापैखाप भएको छ । प्रधानमन्त्री हुँदा गरेका मन्त्रिपरिषद् निर्णयसँग जोडिएको सरकारी जग्गा हिनामिना प्रकरणमा उनीमाथि एकपछि अर्को भ्रष्टाचार मुद्दा थपिँदै गएका छन् ।

पतञ्जलि योगपीठको जग्गा बिक्री प्रकरणमा भ्रष्टाचार मुद्दा खेपिरहेका नेपालविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मंगलबार अर्को मुद्दा दायर गरेको हो । यसपटक उनी मोरङको रिजाल क्यानिङ एण्ड कम्पनीको जग्गा सट्टापट्टा प्रकरणमा मुछिएका हुन् ।

अख्तियारले तत्कालीन प्रधानमन्त्री नेपाल, तत्कालीन मन्त्री डा. मिनेन्द्र रिजालसहित ९७ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । नेपाल नेतृत्वको मन्त्रिपरिषद्को निर्णयबाट सरकारी जग्गा निजी कम्पनी तथा व्यक्तिको स्वामित्वमा पुगेको वा गैरकानुनीरूपमा कारोबार भएको आरोप यी प्रकरणमा जोडिएको छ ।

पतञ्जलि र रिजाल क्यानिङ प्रकरणमामात्रै नेपालविरुद्ध ९२ करोड रूपैयाँभन्दा बढी बिगो मागदाबी गरिएको छ । नेपालविरुद्ध मंगलबार दायर भ्रष्टाचार मुद्दाको जरो २०३२ सालसम्म पुग्छ । तत्कालीन सरकारले राजपत्रमा सूचना प्रकाशन गरी रिजाल क्यानिङ एण्ड कम्पनीलाई फलफूल उद्योग सञ्चालन गरुञ्जेलसम्मका लागि मोरङ र सुनसरीमा हदबन्दीभन्दा बढी जग्गा राख्न छुट दिएको थियो । तर, कम्पनीले सर्तअनुसार फलफूल उद्योग सञ्चालन गरेन । मोरङको साविक विराटनगर उपमहानगरपालिका वडा नम्बर ३ मा रहेको कित्ता नम्बर ४८ र ७१ को जग्गा बेवारिसे छाडियो ।

क्रमशः पृष्ठ २ मा

रिजाल क्यानिङ प्रकरण

- १६ पुस २०६६ मा नेपालको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्ले जग्गा सट्टापट्टा गर्ने निर्णय गरेको,
- उक्त निर्णयका आधारमा सरकारी जग्गा व्यक्तिका नाममा पुगेको,
- नेपालसहित ९८ जनाविरूद्ध मुद्दा दायर,
- ७३ करोड ४९ लाख ५६ हजार रूपैयाँ बिगो दाबी ।

पतञ्जलि जग्गा प्रकरण

- १८ माघ २०६६ मा नेपालको अध्यक्षतामा बसेको मन्त्रिपरिषद्ले पतञ्जलिलाई ८१५ रोपनी जग्गा खरिद गर्न छुट दिएको,
- हदबन्दी छुटमा प्राप्त जग्गा बिक्री गर्न मन्त्रिपरिषद्बाटै अनुमति दिइएको
- नेपालसहित ९३ जनाविरूद्ध मुद्दा, नेपालसँग १८ करोड ५८ लाख ५० हजार बिगो मागदाबी

ललिता निवास जग्गा प्रकरण

- २०६६ र ०६७ मा नेपालको सरकारले प्रधानमन्त्री निवास विस्तार गर्ने निर्णय गरेको,
- बिचौलियाले १२ जना नक्कली मोही खडा गरेकोमा १३ रोपनीभन्दा बढी सरकारी जग्गा व्यक्तिका नाममा पुऱ्याउनेगरी निर्णय गरेको,
- यो मुद्दामा मन्त्रिपरिषद्को निर्णय नीतिगत भन्दै नेपाललाई उन्मुक्ति

न्यायाधीशलाई तत्काल महाभियोग नलगाउने पक्षमा रास्वपा

विपक्षी दलको पनि देखिएन चासो

- शनिबार सचिवालय बैठक राखेर विवादित प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा र न्यायाधीश हरिप्रसाद फुयालविरूद्ध महाभियोगको प्रक्रिया अघि बढाउन संसदीय दलको बैठक राख्न निर्देशन दिएको रास्वपा अहिले मौन
- एकचौथाइले समर्थन गरे सदनमा यो विषयमा छलफल अघि बढ्ने अवस्था रहे पनि विपक्षी दलसमेत यो विषयमा अलमलमा
- यो विषय छानबिन हुनुपर्ने र न्यायाधीश शारंगा सुवेदीमाथिसमेत महाभियोग लाग्नुपर्ने कांग्रेसबाट राष्ट्रिय सभा सदस्य रहेका देउवापक्षका नेता जितजंग बस्नेतको भनाइ

■ प्रभाव संवाददाता



काठमाडौं– सर्वोच्च अदालतमा विभिन्न मुद्दा सल्टाउन 'फिक्सर' प्रयोग गरेर घुस लिएको आरोप लागेका प्रधानन्यायाधीशदेखि न्यायाधीशसम्मलाई महाभियोग लगाउनुपर्ने माग सडकमा उठेको छ । सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)भित्र पनि प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा र न्यायाधीश हरिप्रसाद फुयाललाई महाभियोग लगाउनुपर्ने माग उठेको थियो ।

फिक्सरका रूपमा प्रचार गरिएका इनम सापकोटा प्रकरण बाहिरिएपछि शनिबार सचिवालय बैठक राखेर विवादित प्रधानन्यायाधीश शर्मा र न्यायाधीशविरुद्ध महाभियोगको प्रक्रिया अघि बढाउन रास्वपाले संसदीय दललाई निर्देशन दिएको थियो । तर सापकोटाले बोलेको विषय प्रमाणित हुन मुस्किल हुने भन्दै रास्वपा 'ब्याक' हुने देखिएको छ ।

महाभियोग लगाउन दुईतिहाइ चाहिने र यसमा रास्वपाकै सांसदहरू असहमत देखिएकोले यो प्रक्रियामा सत्तारुढ दल नजाने नेताहरू बताउँछन् । 'एक त सदन बन्द छ । अर्को कुरा महाभियोगजस्तो विषय प्रमाण पुऱ्याउन मुस्किल हुन्छ । यसैले पनि यो प्रक्रिया अघि बढ्लाजस्तो मलाई लाग्दैन,' रास्वपाका एक सांसदले भने ।

रास्वपाका प्रवक्ता जगदीश खरेलले भने छिट्टै संसदीय दलको बैठक बसेर न्यायाधीशलाई महाभियोग लगाउने विषयमा निर्णय गर्ने बताएका थिए । यद्यपि रास्वपाले संसदीय दलको बैठक अझैसम्म डाकेको छैन । रास्वपा संसदीय दलका उपनेता गणेश पराजुलीले पार्टीले निर्देशन दिइसकेकाले संसद् चाँडो खुलाउनुपर्‍यो । न्यायालयप्रति दोष लागेको छ । यी सबै विषयमा छलफल गर्न भए पनि संसद्को आवश्यकता छ भनेर जानकारी गराएको छु ।



भीष्मराज आङ्देम्बे
विपक्षी दलका नेता

दलको नेताले बैठक बोलाउने बताए । 'संसदीय दलको नेताको निर्देशनअनुसार मुख्य सचेतकले बैठक बोलाउनुहुन्छ । पार्टीले निर्देशन दिइसकेको अवस्थामा प्रधानमन्त्रीले बैठक बोलाउनुहुन्छ होला,' पराजुलीले भने । महाभियोगको प्रक्रिया रास्वपा संसदीय दलको बैठकले निर्णय गरेपछि मात्रै सुरु हुने हो ।

क्रमशः पृष्ठ २ मा

सदन खुल्ने र महाभियोगको प्रक्रिया

महाभियोगको विषय सदनमा प्रवेश गराउन संसद्को अधिवेशन आह्वान हुनुपर्छ । संघीय संसद्को अधिवेशन तीन तरिकाले आह्वान हुन्छ ।

पहिलो हो नियमित, यसअन्तर्गत सरकारको सिफारिसमा राष्ट्रपतिले अधिवेशन आह्वान गर्ने । संविधानको धारा ९३ को उपधारा (१) मा 'एउटा अधिवेशनको समाप्ति र अर्को अधिवेशनको प्रारम्भका बीचको अवधि छ महिनाभन्दा बढी हुने छैन' भन्ने वाक्यांश राखिएको छ । अधिवेशन अन्त्य भएको बल्ल एक महिना पुगेको छ । दोस्रो, एकचौथाइ सदस्यले हस्ताक्षर गरेर अधिवेशन बोलाउन वाञ्छनीय छ भनी माग गरेमा । संविधानको धारा ९३ को उपधारा ३ मा यस्तो व्यवस्था राखिएको छ ।

'राष्ट्रपतिले प्रतिनिधिसभाको अधिवेशन चालु नरहेको वा बैठक स्थगित भएको अवस्थामा अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधिसभाको सम्पूर्ण सदस्य संख्याको एकचौथाइ सदस्यहरूले लिखित अनुरोध गरेमा त्यस्तो अधिवेशन वा बैठक बस्ने मिति र समय तोक्ने छ । त्यसरी तोकिएको मिति र समयमा प्रतिनिधिसभाको अधिवेशन प्रारम्भ हुने वा बैठक बस्ने छ,' सो उपधारामा लेखिएको छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

'स्वदेशमै रोजगारी' नारा बोकेको सरकार जिटुजीमार्फत श्रम गन्तव्य विस्तार गर्दै

नारा र कार्यसम्पादनमा मेल नखाएको विज्ञको टिप्पणी

■ ममता थापा



काठमाडौं– सरकारले वैदेशिक रोजगारीमा जाने श्रमिकको लागत घटाउने, भर्ना प्रक्रियालाई पारदर्शी र बिचौलियामुक्त बनाउने भन्दै सरकार-सरकार (जिटुजी)मार्फत श्रमिक पठाउन श्रम गन्तव्य विस्तार गर्न थालेको छ । हाल दक्षिण कोरिया, इजरायल र बेलायतमा श्रमिक पठाउँदै आएको सरकारले अब मौरिससँग पनि यही प्रणाली लागू गर्ने तयारी गरेको छ ।

मौरिससँग जिटुजीमार्फत श्रमिक पठाउन सुरु भएपछि यो प्रणालीअन्तर्गत नेपालबाट यसरी श्रमिक लैजाने मुलुकको संख्या चार वटा पुग्ने छ । हाल नेपालको प्रस्तावमा मौरिसस सहमत भएको युवा, श्रम तथा रोजगार मन्त्रालयले जनाएको छ । भारतको नयाँ दिल्लीस्थित मौरिससको उच्च आयोगले गत अक्टोबर २९ मा नेपालको परराष्ट्र मन्त्रालयलाई औपचारिकरूपमा पत्राचार गर्दै समझदारीपत्रको संशोधित मस्यौदा उपलब्ध गराएको जनाइएको छ । उक्त मुलुकले उत्पादन, निर्माण, कृषि, पर्यटन, सूचना प्रविधिलगायतका क्षेत्रमा नेपाली श्रमिक लैजाने भनिएको छ ।

हाल नेपालबाट दक्षिण कोरियामा रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत कृषि, उत्पादनलगायतका क्षेत्रमा अदक्ष श्रमिक जान्छन् । सन् २००८ देखि कोरियाले यसरी नेपाली श्रमिक लग्दै आएको छ । त्यस्तै, इजरायलमा सन् २०२२ देखि दीर्घकालीन स्यहार केन्द्रमा केयरगिभर जाँदै आएका छन् । बेलायतसँग पनि सन् २०२२ को अगस्टमा जिटुजीमार्फत नर्स तथा स्वास्थ्यकर्मी लैजाने सम्झौता भएपछि त्यस्ता जनशक्ति जाँदै आएका छन् ।

सरकारी संयन्त्रमार्फत श्रमिक पठाईदै आएका मुलुकमा श्रमिकहरूले राम्रो पारिश्रमिक पाउने गरेका छन् । यसरी जाने श्रमिकहरू शोषणमा पर्ने अवस्था पनि तुलनात्मकरूपमा कम हुने गर्छ । निजी संस्थामार्फत जाँदा भने कतिपय अवस्थामा श्रमिकहरू ठगीमा पर्ने, बढी लागत बुझाउनपर्ने, करारबमोजिमको काम नपाउनेजस्ता समस्या देखिँदै आएका छन् । यसर्थ, जिटुजीमार्फत श्रमिक लग्ने मुलुकमा युवाहरूको आकर्षण बढी पाइन्छ ।

तोकिएको सेवा सुविधाको सुनिश्चितताका साथै सरकारले पठाउने भएपछि ठगिदैनौं भनेर ढुक्कले जान पाउने भएकाले जिटुजी हितकर



सरकार १०० वर्षको योजना बनाएर त्यता लाग्ने हो । आफैले नयाँ-नयाँ गन्तव्य खोज्दै लाइन लगाउने, फाराम भराउने, त्यो जाँच्नेजस्ता काममा अल्झिने होइन ।

रामेश्वर नेपाल
श्रमविद्

नै भएको श्रमविद् रामेश्वर नेपाल बताउँछन् । यद्यपि विगतको परिवेशमा जिटुजी प्रणाली स्वीकार्न सकिने भए पनि हालको सरकार जिटुजीमार्फत श्रमिक पठाउनमा केन्द्रित हुँदा यसले बोकेको नारा र काम गराइ मेल नखाने उनको भनाइ छ ।

'विदेशका गल्लीमा स्टिकर टाँसेर नेपालीहरूलाई फ्रिमा स्वदेश फर्काउँछौं भन्नेजस्ता आश्वासन बाँडेर भोट बटुलेर आएको सरकार हो यो ।

क्रमशः पृष्ठ २ मा

६५ वर्ष पुगेलगत्तै जेलमुक्त हुँदै रायमाझी

- २६ कात्तिकमा ६५ वर्ष पुगेपछि टोपबहादुर रायमाझी ६५ जेलमुक्त हुने
- ज्येष्ठ नागरिकको सुविधा मागेपछि अदालतबाट कैद छुट
- चार वर्षमध्ये बाँकी छ महिना कैद मिनाहा
- उनी २०८० वैशाखदेखि थुनामा छन्



■ प्रभाव संवाददाता

काठमाडौं– नक्कली भुटानी शरणार्थी प्रकरणमा दोषी ठहर भई चार वर्ष कैद सजाय पाएका पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी उमेरका कारण जेलमुक्त हुने भएका छन् । ६५ वर्ष पूरा भएपछि ज्येष्ठ नागरिकले पाउने कैद छुटको सुविधा उपयोग गर्दै उनी यही कात्तिक २६ गते कारागारबाट बाहिरिने भएका हुन् ।

चार वर्ष कैद सजाय सुनाइएका रायमाझीको कैद अवधि २०८४ वैशाखसम्म थियो । तर, ज्येष्ठ नागरिकसम्बन्धी कानुनी व्यवस्थाले उनको कैद अवधि छोटचाईदिएको छ । ६५ वर्ष पूरा भई ७० वर्ष ननाघेका कैदीले २५ प्रतिशतसम्म कैद छुट पाउने व्यवस्था छ । यही व्यवस्थाअनुसार रायमाझीले कैद छुट पाएका हुन् ।

जिल्ला अदालत काठमाडौंका न्यायाधीश राजेन्द्रसिंह भण्डारीको इजलासले कात्तिक १३ गते उनको निवेदनमाथि सुनुवाइ गर्दै मागबमोजिम सुविधा दिन आदेश दिएको थियो । रायमाझीका तर्फबाट कात्तिक १२ गते ज्येष्ठ नागरिकको सुविधा माग गर्दै निवेदन दर्ता गरिएको थियो ।

रायमाझीले चार वर्ष कैदको २५ प्रतिशत अर्थात् एक वर्ष छुट पाउन सक्ने भए पनि उनको बाँकी कैद अवधि छ महिनामात्रै रहेकाले त्यति नै छुट हुने भएको हो । उनी २०८० वैशाखदेखि थुनामा छन् । यही कात्तिक २६ गते ६५ वर्ष पुग्ने भएकाले त्यसैदिन उनी रिहा हुने छन् । यससँगै नक्कली भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेर लामो समयदेखि जेलमा रहेका रायमाझीको कैद यात्रा उमेरका आधारमा टुंगिने भएको छ ।

क्रमशः पृष्ठ २ मा

Siddhartha Bank
NPL
NEPAL PREMIER LEAGUE
मंगलबारको नतिजा
बिराटनगर किंग्स २ रनले विजयी
१७२/७ (२०)
१७४/३ (२०)
लुम्बिनी लायन्स ८ विकेटले विजयी
९८/२(११.४)
९७/९ (२०)

पृष्ठ १ बाट क्रमशः

न्यायाधीशलाई तत्काल...

बैठक नै आह्वान नभएकाले त्यो प्रक्रिया तत्काल सुरु हुने अवस्था देखिएको छैन। बिचौलिया सापकोटासँग न्यायाधीश फुयालले विचाराधीन मुद्दाबारे कुराकानी गरेको तथा होटलमा भेटेको विवरण सार्वजनिक भए पनि सत्तारुढ दल मौन रहेपछि सोमबार विपक्षी दल छलफलमा जुटेको थियो । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेतासमेत रहेका विपक्षी दलका नेता भीष्मराज आङ्देम्बेको नेतृत्वमा नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लगायतको बैठकले यो प्रकरणको निष्पक्ष छानबिन गर्न माग गरेका थिए ।

तर सत्तारुढ दल यो विषयमा नतातिएपछि विपक्षी दलका नेता आङ्देम्बेले मंगलबार सभामुख डोलप्रसाद अर्याललाई भेटे । भेटमा आङ्देम्बेले संसद् चाँडो खुलाएर यो विषयमा छलफल गर्नुपर्ने माग राखे । 'संसद् चाँडो खुलाउनुपऱ्यो । न्यायालयप्रति दोष लागेको छ । यी सबै विषयमा छलफल गर्न भए पनि संसद्को आवश्यकता छ भनेर जानकारी गराएको छु,' सभामुखसँगको भेटपछि उनले भने ।

शनिबारको सचिवालय बैठकले रास्वपा संसदीय दललाई दिएको निर्देशनमा भनिएको छ, 'कतिपय न्यायाधीशहरू नै मुछिएका गम्भीर विचलन र अनुचित साँठगाँठका घटनाहरूले न्यायालयको निष्पक्षता, तटस्थता र गरिमामाथि गम्भीर प्रश्न खडा गरेका छन् । यसले न्यायालयको शुद्धीकरण र जवाफदेहिताका पक्षमा राष्ट्रिय स्वतन्त्र पार्टीले स्थापनाकालदेखि उठाउँदै आएको एजेण्डालाई थप पुष्टि गरेको छ । न्यायालयभित्रका यी विकृतिलाई विधिसम्मत तवरले निरूपण गर्न संसद्बाटै निर्णायक कदम चाल्न र यस विषयलाई तार्किक निष्कर्षमा पुऱ्याउन संसदीय दललाई निर्देशित गरिन्छ ।'

महाभियोग कि त सदन खुलेपछि वा संसद् सचिवालयमा दर्ता गराएर पनि छलफलमा लैजान सकिन्छ । तर रास्वपाले संसद् खुलेपछिमात्र यो विषयको चर्चा गर्ने तयारी गरेको छ । तर दसैंअघि असोज १६ देखि सदन बिदामा छ । रास्वपा अघि नबढे विपक्षी दलले पनि यो प्रक्रिया अघि बढाउन सक्छ । यसका लागि एकचौथाइ अर्थात् ६९ जना सांसद भए पुग्छ । एकचौथाइले महाभियोगको समर्थन गरे यसबारे सदनमा छलफल अघि बढ्छ । प्रतिनिधिसभामा विपक्षी तीन दल कांग्रेस (३८), एमाले (२५) र नेकपा (१७) गरी ८० जना सांसद छन् ।

तर कांग्रेस सभापति गगन थापा पनि यो प्रकरणमा मुछिएकोले विपक्षी दल पनि यो विषयमा अलमलमा परेको बताइन्छ । कांग्रेसबाट राष्ट्रिय सभा सदस्य रहेका जितजंग बस्नेतले यो विषय छानबिन हुनुपर्ने र न्यायाधीश शारंगा सुवेदीमाथिसमेत महाभियोग लाग्नुपर्ने बताए । कांग्रेस पूर्वसभापति शेरबहादुर देउवापक्षका नेता बस्नेतले मंगलबार भने, 'कांग्रेस आधिकारिकताको विषयमा न्यायाधीश सुवेदीले तीन करोड बुझेको आरोप छ । उहाँमाथि पनि महाभियोग लाग्नुपर्छ ।' देउवा पक्ष आधिकारिताको दाबी गर्दै जिल्ला अधिवेशनको दौडमा छ ।

■■■

सदन खुल्ने...

तेस्रो, संवैधानिक निकायको प्रमुख वा पदाधिकारीविरुद्ध महाभियोग दर्ता भएर १५ दिनभित्र बैठक बोलाउन माग भएमा । प्रतिनिधिसभा नियमावलीको नियम १६४ को उपनियम (२) मा यससम्बन्धी व्यवस्था छ । प्रतिनिधिसभाको अधिवेशन चालु नरहेको अवस्थामा उपनियम (१) बमोजिमको प्रस्ताव पेस गर्ने सदस्यले त्यस्तो प्रस्ताव दर्ता भएको मितिले बढीमा १५ दिनभित्र बैठक बस्नेगरी संविधानको धारा ९३ को उपधारा (३) बमोजिम अधिवेशन आह्वानसमेतको माग गर्नुपर्ने छ । उपनियम (१) मा महाभियोग लगाउन सक्ने राष्ट्रपति र उपराष्ट्रपतिबाहेकका संवैधानिक पदाधिकारी प्रधानन्यायाधीश वा सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायका प्रमुख वा पदाधिकारीबारे उल्लेख छ ।

■■■

पूर्वप्रधानमन्त्री नेपालमाथि...

घेराबारसमेत नभएको उक्त जग्गा फोहोर र मरेका चौपाया फाल्ने ठाउँका रूपमा प्रयोग हुन थालेको थियो । लागुऔषध दुर्व्यसनीको अखडा बनेको उक्त जग्गा पछि विवादको विषय बन्यो । सर्तअनुसार उद्योग सञ्चालन नभएपछि सरकारले २०४८ सालमै उक्त जग्गा जफत गर्ने निर्णय गरेको थियो । जग्गा रोक्का राखिएको थियो । कानुनअनुसार सर्त उल्लंघन भएपछि त्यो जग्गा सरकारी कायम हुनुपर्ने थियो । तर, सरकारीकरण हुनुपर्ने जग्गा फुकुवा गरेर सट्टापट्टा गरिएको अख्तियारको अनुसन्धानले देखाएको छ ।

अख्तियारका अनुसार कम्पनीका सञ्चालक, राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्रको मिलेमतोमा जग्गा सट्टापट्टाको प्रक्रिया अघि बढाइएको थियो । भूमिसुधार कार्यालय मोरङलगायतका निकायका कर्मचारीबाट जग्गा सट्टापट्टाका लागि योग्य रहेको भन्दै झूटो सिफारिससमेत तयार पारिएको थियो ।

यसै प्रक्रियामा तत्कालीन प्रधानमन्त्री नेपाल र तत्कालीन संघीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्री डा. रिजालको भूमिका रहेको अख्तियारका प्रवक्ता सुरेश न्यौपानेले बताए । उनका अनुसार जफत भई सरकारी कायम हुनुपर्ने भन्ने जान्दाजान्दै नेपालले बदनियत राखेर सट्टापट्टाको प्रस्ताव मन्त्रिपरिषद्मा पेस गराएको देखिन्छ ।

मन्त्रिपरिषद्बाट सामाजिक समितिमा पठाइएको प्रस्तावमा समितिका संयोजक रहेका रिजालले २०६६ पुस १६ गते सट्टापट्टाको अन्तिम निर्णय गराएको अभियोगपत्रमा उल्लेख छ । निर्णयपछि कम्पनीले विराटनगरको चार बिघा पाँच कट्ठा नौ धुर बहुमूल्य जग्गा आठ करोड ३८ लाख ६२ हजार रूपैयाँमा बिक्री गरेको थियो । त्यसको सट्टामा मोरङकै बनिगामामा खोलाले बगाएको, खाल्डो परेको र भोगचलनयोग्य नरहेको कमसल जग्गा जम्मा १२ लाख ८५ हजार रूपैयाँमा खरिद गरिएको थियो । महँगो जग्गा बिक्री गरेर अत्यन्त कम मूल्यको जग्गा सट्टामा लिँदा राज्यलाई ठूलो नोक्सानी पुगेको अख्तियारको निष्कर्ष छ ।

यस प्रकरणमा नेपाल र रिजालसहित ९७ जनाविरुद्ध ७३ करोड ४९ लाख ५६ हजार रूपैयाँ बिगो मागदाबी गरिएको छ । तत्कालीन भूमिसुधार सचिव छविराज पन्त, विभिन्न मन्त्रालयका कर्मचारी, मालपोतका कर्मचारी र कम्पनीका सञ्चालकसमेत प्रतिवादी छन् । रिजाल क्यानिङ प्रकरणमा तत्कालीन मुख्यसचिव माधवप्रसाद घिमिरे र मन्त्री डम्बर श्रेष्ठसहित मृत्यु भइसकेका आठ जना पदाधिकारी तथा सञ्चालकका हकमा पनि बिगो असुल गर्न माग गरिएको छ । उनीहरूका हकवालालाई प्रतिवादी बनाइएको छ ।

त्यस्तै, गैरकानुनी कारोबार हुँदै हाल जग्गा आफ्नो नाममा राखेका ४२ व्यक्ति तथा संस्थालाई पनि प्रतिवादी बनाइएको छ । उनीहरूसँग सजाय माग गरिएको छैन । उनीहरूको नाममा रहेको जग्गा जफत गरी सरकारी कायम गर्ने प्रयोजनका लागिमात्र प्रतिवादी बनाइएको अख्तियारले जनाएको छ ।

पतञ्जलिको मुद्दा विचाराधीन

नेपालविरुद्ध यसअघि नै पतञ्जलि योगपीठको जग्गा कारोबार प्रकरणमा भ्रष्टाचार मुद्दा दायर भइसकेको छ । अख्तियारले गत वर्षको जेठ २२ गते नेपालसहित ९३ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

उक्त मुद्दामा नेपालविरुद्ध १८ करोड ५८ लाख ५० हजार रूपैयाँ बिगो मागदाबी गरिएको छ । भारतको पतञ्जलि योगपीठले काभ्रेमा आयुर्वेद शिक्षालय, अस्पताल र जडीबुटी फार्म सञ्चालन गर्ने भन्दै हदबन्दी छुटमा जग्गा खरिद गर्न सरकारसँग अनुमति मागेको थियो । नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले २०६६ माघ १८ गते पतञ्जलिलाई ८१५ रोपनीसम्म जग्गा खरिद गर्न छुट दिने निर्णय गरेको थियो ।

कम्पनीले जग्गा खरिद गरेपछि केही समयमै बिक्रीको प्रक्रिया अघि बढाएको थियो । भूमिसम्बन्धी कानुनअनुसार हदबन्दी छुटमा प्राप्त जग्गा बिक्री गर्न पाइँदैन । कम्पनी विघटन भएमा त्यस्तो जग्गा सरकारको स्वामित्वमा आउने व्यवस्था छ । तर, तत्कालीन सरकारले नै जग्गा बिक्री गर्न अनुमति दिएको विषयमा अख्तियारले प्रश्न उठाएको हो ।

भूमिसुधार मन्त्रालयले सुरुमा जग्गा बिक्रीको अनुमति दिन नसकिने प्रस्ताव अघि बढाएको थियो । तर, तत्कालीन मन्त्री डम्बरबहादुर श्रेष्ठले प्रधानमन्त्रीको मौखिक निर्देशनअनुसार प्रस्ताव अघि बढाउन निर्णय गरेको फाइलमा उल्लेख छ । त्यसपछि मन्त्रिपरिषद्बाट बिक्रीको अनुमति दिइएको थियो ।

सरकारी जग्गा बिक्री गर्न अनुमति दिने निर्णयमा प्रधानमन्त्रीका रूपमा नेपालले पदको दुरूपयोग गरेको अख्तियारको आरोप छ । उक्त मुद्दामा विशेष अदालतमा सुनुवाइ प्रक्रिया अघि बढिसकेको छ ।

ललिता निवास काण्डमा उन्मुक्ति !

नेपाल प्रधानमन्त्री हुँदा विवादमा परेको अर्को चर्चित प्रकरण ललिता निवासको सरकारी जग्गा व्यक्तिका नाममा पुऱ्याउने निर्णय हो । २०६६ चैत र २०६७ वैशाखमा नेपाल नेतृत्वको मन्त्रिपरिषद्ले प्रधानमन्त्री निवास विस्तार गर्ने निर्णय गरेको थियो ।

त्यही निर्णयका आधारमा बालुवाटारस्थित ललिता निवासको सरकारी जग्गामा नक्कली मोही खडा गरी १३ रोपनीभन्दा बढी जग्गा व्यक्तिका नाममा सारिएको थियो । प्रधानमन्त्री निवास विस्तारका लागि मन्त्रिपरिषद्मा लगिएको प्रस्तावमा तत्कालीन सचिव दीप बस्न्यातले हस्ताक्षर गरेका थिए ।

सरकारी जग्गामा मोहीको हिस्सा पर्ने भन्दै शोधभर्ना तथा सट्टापट्टाको प्रस्ताव गरिएको थियो । त्यसपछि २०६७ वैशाख ३१ गतेको मन्त्रिपरिषद् निर्णयका आधारमा १२ जना नक्कली मोहीका नाममा जग्गा दर्ता भएको अनुसन्धानबाट खुलेको थियो ।

यस प्रकरणमा तत्कालीन भौतिक योजनामन्त्री विजयकुमार गच्छदार, भूमिसुधारमन्त्री डम्बर श्रेष्ठ, सचिव दीप बस्न्यात र छविराज पन्तलगायतविरुद्ध मुद्दा दायर भएको थियो । नेपालसँग पनि अख्तियारले बयान लिएको थियो । तर, उनीविरुद्ध ललिता निवास प्रकरणमा मुद्दा दायर भएन । मन्त्रिपरिषद्को नीतिगत निर्णयको आवरणमा भएको अनियमितताको विषयमा त्यसबेला राजनीतिक र कानुनी बहससमेत भएको थियो ।

यसरी प्रधानमन्त्री हुँदा भएका निर्णयसँग जोडिएका तीनवटा जग्गा प्रकरणमा नेपालमाथि भ्रष्टाचारको आरोप लागेको छ । पतञ्जलि र रिजाल क्यानिङ प्रकरणमा उनीविरुद्ध मुद्दा दायर भइसकेको छ भने ललिता निवासमा उनको नाम निर्णय प्रक्रियासँग जोडिएको छ । दुईवटा मुद्दामामात्रै उनीविरुद्ध ९२ करोड आठ लाख छ हजार रूपैयाँभन्दा बढी बिगो मागदाबी गरिएको छ । यी आरोप अदालतबाट प्रमाणित हुन भने बाँकी छन् ।

■■■

'स्वदेशमै रोजगारी'...

यसले विदेशमा रहेका तथा विदेश जान बाध्य भएकाको बारेमा सोच्नपर्थ्यो,' उनले भने, 'सरकार १०० वर्षको योजना बनाएर त्यता लाग्ने हो । आफैंले नयाँ-नयाँ गन्तव्य खोज्दै लाइन लगाउने, फाराम भराउने, त्यो जाँच्नेजस्ता काममा अल्झिने होइन ।'

अझै केही वर्ष श्रमबजारमा आउने नयाँ जनशक्तिलाई व्यवस्थापन गर्न कठिन हुने भएकाले सरकारले व्यवसाय गर्न इजाजत दिएका संस्था (म्यानपावर कम्पनी) मार्फत श्रमिक पठाउन उपयुक्त हुने श्रमविद् नेपालको भनाइ छ । इजाजत दिएका संस्थाले गलत अभ्यास गरे सरकारले नै त्यसलाई नियन्त्रण गर्नुपर्ने उनले बताए ।

'राज्य आफैंले श्रमिक पठाउने भन्दा पनि निजी क्षेत्रमार्फत पठाउने सिद्धान्तलाई अवलम्बन गर्नुपर्छ । यस्तो भन्दा फेरि म्यानपावरमार्फत शोषण नै गराउने हो भन्ने प्रश्न उठ्नसक्छ,' नेपालले भने, 'तर जसलाई लाइसेन्स दिइएको उनीहरूलाई उत्तरदायी बनाउने हो । गलत अभ्यास गर्नेलाई कारवाही गर्न सक्नुपर्छ ।'

सरकार आफैंले श्रमिक पठाउने प्रक्रिया अघि बढाउन थालेपछि इजाजतपत्र प्राप्त संस्थाले पनि यसमा चिन्ता व्यक्त गरेको पाइन्छ । कतिपय व्यवसायीले सरकारले श्रमिक पठाउन थालेपछि व्यवसायीले पाउने रोजगारीको अवसर संकुचित हुने बताउन थालेका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सोमबार मौरिससँग हुन लागेको जिटुजी सम्झौतामा निजी क्षेको भूमिका प्रष्ट पार्न भन्दै सरकारको ध्यानाकर्षण गराएको थियो ।

■■■

६५ वर्ष...

रायमाझीलाई गत असार ३० गते जिल्ला अदालत काठमाडौंले ठगी, राज्यविरुद्धको कसुर र संगठित अपराधमा दोषी ठहर गर्दै एकीकृत रूपमा चार वर्ष कैद र ४० हजार रूपैयाँ जरिवाना सुनाएको थियो । ठगीमा दुई वर्ष कैद र २० हजार रूपैयाँ, संगठित अपराधमा तीन वर्ष कैद र ३० हजार रूपैयाँ तथा राज्यविरुद्धको कसुरमा डेढ वर्ष कैद र १५ हजार रूपैयाँ जरिवाना तोकिएको थियो ।

उनी २०८० वैशाख ३१ गते राति पक्राउ परेका थिए । त्यतिबेला उनी प्रतिनिधिसभा सदस्य थिए । पक्राउपछि जिल्ला अदालतले २०८० असार १ गते पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । उच्च अदालत पाटनले मंसिर १५ गते उनीसहित नौ जनालाई थुनामै राख्ने आदेश सदर गरेको थियो । सोही मुद्दामा पक्राउ परेका कांग्रेस नेता बालकृष्ण खाँण भने त्यसबेला धरौटीमा रिहा भएका थिए । रायमाझीले सर्वोच्च अदालतसम्म पुगेर पनि थुनामुक्त हुने आदेश पाएका थिएनन् । त्यसपछि उनी निरन्तर कारागारमै रहँदै आएका थिए ।

जेन-जी आन्दोलनका क्रममा भने रायमाझी पनि कारागारबाट बाहिरिएका थिए । सुरुमा उनलाई केन्द्रीय कारागार सुन्धारामा राखिएको थियो । आन्दोलनका क्रममा कैदीबन्दी बाहिरिएपछि उनी पनि बाहिरिएका थिए । तर, कारागार प्रशासनलाई जानकारी गराएर बाहिरिएको र पछि उपस्थित हुन सूचना जारी गरिएकै समयमा आफैं उपस्थित भएको भन्दै उनलाई थप कैद सजाय तोकिएन । उक्त अवधिलाई पनि कैद भुक्तानकै रूपमा गणना गरियो ।

हाल डिल्लीबजार कारागारमा रहेका रायमाझीको कैद छुटसम्बन्धी पत्र अदालतले सोमबार नै पठाइसकेको कारागारका जेलर विक्रम पाण्डेले बताएका छन् । जिल्ला अदालतको फैसलाविरुद्ध उच्च अदालतमा पुनरावेदन गर्ने बाटो भने रायमाझीका लागि खुला छ । तर पुनरावेदनको प्रक्रिया बाँकी रहँदै उमेरका आधारमा पाएको कैद छुटले उनी तत्काल जेलमुक्त हुने भएका छन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनी दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७१/०४/०७ मा दर्ता भएको यस **आलन इन्टरनेशनल ल्याङ्वेज इन्स्टिच्युट प्राइभेट लिमिटेड** (प्रा.लि.नं.१२४५९४) कम्पनी यस कार्यालयको मिति २०८३/०५/१५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम **दर्ता खारेज** गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०७/१८ गते

यस कम्पनीको मिति २०८३/०७/११ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **युनिक भिजन इङ्लिस बोर्डिङ स्कूल बझाङ प्रा.लि.**को नाम परिवर्तन गरी **युनिक भिजन इङ्लिस बोर्डिङ स्कूल कञ्चनपुर प्रा.लि.(दर्ता नम्बर १३६७२२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०७/१३ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै सावितको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०६/१७ मा **प्रा.लि.नं. १०६४९५/०६८/०७०** मा दर्ता भएको **होटल मलेवा प्रा. लि.** को मिति २०८३/०७/१२ मा सम्पन्न विषेश साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सबैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ ।

खारेजीकर्ता (लिक्विडेटर) श्री अनिल श्रेष्ठ (इजाजत पत्र नं. ५६३)
त्रिपुरेश्वर, काठमाण्डौ फोन नं. : ९८५१२२८६३६

हकदावीको सूचना

बागमती प्रदेश, दोलखा जिल्ला, वैत्यशोर गाउँपालिका, वडा नं. ४ बस्ने बुद्धि बहादुर खत्रीकी नातिनी, पदम बहादुर खत्रीकी छोरी, श्री सीतामाया खडकाको मिति २०८३/०५/१० गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको खाता नं. १५४०५३३००१९५५२ मा रहेको सम्पुर्ण रकम निजको श्रीमान श्री पदम बहादुर खडकाको खाता नं १५४०५०८०००५३०२ मा उपलब्ध गराई पाउँ भनी आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निवेदक बाहेक अन्य कसैको हक दावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुद प्रमाण सहित दावी गर्न आउनु हुन बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग दावी बमोजिम भई जाने व्यहोरा यसै सूचनाद्वारा सूचित गरिन्छ ।

NIMB **शाखा कार्यालय, मैनापोखरी, दोलखा**
फोन नं. :०४९- ४११००६

हाईलाइफ एग्रो एण्ड फुड्स इन्डष्ट्रिज लिमिटेड
का.जि.का.म.न.पा वडा नं ०३, रानीबारी काठमाण्डौ

जगेडा शेयर बिक्री सम्बन्धी ३५ दिने सूचना

सूचना प्रकाशित मिति २०८३/०७/१८

यस कम्पनीको मिति २०८३/०६/०६ गते बसेको आ.व. २०८३/८४ को तेस्रो सञ्चालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीमा चुक्ता हुन बाँकी रहेको १,००,००० कित्ता जगेडा शेयर बिक्री गर्न प्रस्ताव गरिएकोले उक्त शेयर खरिद गर्न इच्छुक विद्यमान संस्थापक शेयरधनीहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस पन्ध्र दिन भित्र प्रति शेयर रु१००।- (अक्षरूपी एक सय मात्र) का दरले शेयर खरिदका लागि कम्पनीको केन्द्रीय कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं.०३, रानीबारी मा आईपुग्ने गरी आवेदन गर्नहुन सूचित गरिन्छ । म्याद भित्र विद्यमान शेयरधनीहरु बाट आवेदन नपरेमा संस्थापक भन्दा बाहिरका व्यक्ति वा संगठीत संस्थालाई उक्त शेयर बिक्रीको प्रकृया अगाडी बढाईने व्यहोरा समेत अनुरोध गरिन्छ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

आजको राशिफल



ज्यो. गुरू अनन्त
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बुधबार, १८ कात्तिक, २०८३

मेष रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट राम्रो सहयोग मिल्नेछ ।

वृष साथीभाइबाट सहयोग मिल्नेछ । आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् ।

मिथुन मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । खर्चमा ध्यान दिनुहोला ।

कर्कट आत्मविश्वास बढ्नेछ । नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ ।

सिंह काममा सफलता मिल्नेछ । स्वास्थ्य र आराममा ध्यान दिनुहोस् ।

कन्या नयाँ सम्पर्कले अवसर ल्याउन सक्छ । आम्दानीका स्रोत बढ्ने संकेत छ ।

तुला महत्त्वपूर्ण काम पूरा हुने दिन छ । पारिवारिक सम्बन्ध सुमधुर रहनेछ ।

वृश्चिक मनमा उत्साह बढ्नेछ । रोकिएको काम पूरा हुँदा सन्तुष्टि मिल्नेछ ।

धनु कामको दबाव बढ्न सक्छ । धैर्य र संयमले समस्या समाधान हुनेछ ।

मकर काममा उत्साह बढ्नेछ । आर्थिक पक्षमा सुधारको संकेत छ ।

कुम्भ नयाँ अवसर प्राप्त हुन सक्छ । बोलीमा संयम अपनाउनुहोस् ।

मीन नयाँ योजना बनाउन अनुकूल समय छ । यात्राबाट लाभ मिल्न सक्छ ।

प्रहरी तथा एम्बुलेन्स

प्रहरी कन्ट्रोल क प्रहरी	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५/४२६१७९०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
परोपकार एम्बुलेन्स सेवा	४२६०८५९
बिशालबजार एम्बुलेन्स सेवा	४२४४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०९४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२६००६

H अस्पताल र विविध

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४९३६८४
नेपाल आँखा अस्पताल	४२५०६९१
मध्यपुर अस्पताल, भक्तपुर	०१-६६३१६५८
तिलगंगा आँखा अस्पताल	४४९३६८४
वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसूति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५२६
बी एण्ड बी अस्पताल	५५३३२०६
मेडिकेयर नेसनल अस्पताल	४४६७०६७
मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स)	४४६७०६७
फ्रेन्डस अफ शान्ता भवन	४४७०१८१
नेपाल अर्थोपेडिक अस्पताल	४४९३७२५
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल	४४७६१५२
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी	४९११००८
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज	४३७०१३६
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११९५७/८५८
ओम हस्पिटल एण्ड रिसर्च सेन्टर	४४७६२२५
नर्भिक, थापाथली	४२५८५५४
सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२२/४३७१३७४
लाइफ केयर अस्पताल	४२२७७३५
मितेरी अस्पताल	६६३१७३६२६६३४०१६
क्यापिटल हस्पिटल (प्रा.) लि.	४२४४०२२
श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शवबाहन (पूर्व काठमाडौं)	४४९८०३५
निःशुल्क होमियो दातव्य चिकित्सालयरशवबाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस	६६१२२६६
एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किडनी सेन्टर	४३६३४५२/४३६०८८९
मानसिक अस्पताल	४४८०१७०
ह्याम्स अस्पताल, बुद्धनगर	४७८४८४०/४७८५१५७
ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि.	४३५४५३७/४३८१९६२
गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट	४२५८५५२/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल, लैनचौर	४४११६०५/४४२०८२३
भरोसा अस्पताल प्रा.लि., बानेश्वर	४४७४९६८/४४८९८९१

शववाहन र विविध

सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी	०१ ६९१२९४४
जनमैत्री हस्पिटल, बालाजु	४३६६३०१-०५
विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु	४३८३९५२/४३८०८४८
नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आइघाट सेवा कन्द्र	४४९२९९९
देव कर्नर निःशुल्क शववाहन सेवा	४४३४०९३
नेपाल मिटर ट्याक्सी संघ	४२२४३७४

नेपाल राष्ट्र बैंक

१८ कात्तिक, २०८३ (०४ नोभेम्बर २०२६)

मुद्रा	एकाइ	खरिद दर	बिक्री दर
भारतीय रूपैयाँ	१००	१६०.००	१६०.१५
अमेरिकी डलर	१	१५१.६३	१५२.२३
युरो	१	१६९.२२	१६९.८९
पाउन्ड स्टर्लिङ	१	२०३.०७	२०३.८७
स्विस फ्रैन्क	१	१८३.७८	१८४.५१
अस्ट्रेलियन डलर	१	१०६.६४	१०७.०६
क्यानाडियन डलर	१	१०८.५१	१०८.९४
सिङ्गापुर डलर	१	११८.६४	११९.११
जापानी येन	१०	९.६२	९.६६
चिनियाँ युआन	१	२२.७९	२२.८८
साउदी अरब रियाल	१	४०.४०	४०.५६
कतारी रियाल	१	४१.६२	४१.७८
थाई भाट	१	४.४९	४.५१
संयुक्त अरब इमिरेट दिराम	१	४१.२९	४१.४५
मलेसियन रिङ्गेट	१	३७.३७	३७.५२
दक्षिण कोरियन वन	१००	११.३७	११.४१
स्विडिस क्रोनर	१	१५.४३	१५.४९
डेनिस क्रोनर	१	२२.६४	२२.७३
हङकङ डलर	१	१९.३३	१९.४१
कुवेती दिनार	१	४९१.९१	४९३.८५
बहराइन दिनार	१	४०१.६७	४०३.२६

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरुले तोक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

भाइटीकाको उत्तम साइत कात्तिक २५ गते ११:०७ बजे

काठमाडौं– नेपाल पञ्चांग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको उत्तम साइत सार्वजनिक गरेको छ । समितिले तिहारका विभिन्न पर्वको निर्णय गर्दै भाइटीकाको साइत सार्वजनिक गरेको समितिका अध्यक्ष प्रा.डा. पुरुषोत्तम भट्टराईले जानकारी दिए ।

कात्तिक २५ गते बुधबार बिहान ११:०७ बजे भाइटीकाको साइत उत्तम रहेको उनले बताए । मध्याह्नकालमा टीका लगाउन बाधा नपरे पनि साइत खोज्नेका लागि अभिजित् मुहूर्तको शुभ साइत दिइएको समितिले जनाएको छ । राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्छ । सर्वसाधारणका लागि मध्याह्न कालमा टीका लगाउन कुनै समस्या छैन ।

यस वर्ष यमपञ्चक कात्तिक २० गते शुक्रबारदेखि नै सुरु हुन्छ । त्यस दिन धनत्रयोदशी (धनतेरस) पर्व परेको छ । कात्तिक २१ गते शनिबारदेखि काग तिहार परेको छ । धन्वन्तरी जयन्ती पनि यसै दिन परेको छ । कात्तिक २२ गते आइतबार नरक स्नानसहित कुकुर तिहार र बेलुकी लक्ष्मीपूजा परेको छ ।

दिउँसो कार्तिक कृष्ण चतुर्दशी र त्यसपछि औंशी तिथि लाग्ने भएकाले शास्त्रसम्ममत् रूपमा पर्वसम्बन्धी निर्णय गरिएको समितिले जनाएको छ । सायंकालमा औंसी तिथि परेका दिन लक्ष्मीपूजा गर्नुपर्ने शास्त्रीय वचन छ । औंसी तिथिमा गरिने स्नान, दान भने कात्तिक २३ गते सोमबार बिहान गर्नुपर्ने छ । लक्ष्मीपूजा पनि यसै दिन गरिन्छ ।

गाई, गोरु र आत्म (म्ह) पूजा भने कात्तिक २४ गते मंगलबार गर्नुपर्ने शास्त्रीय वचन रहेको छ । कार्तिक शुक्ल प्रतिपदाको सायंकालमा आत्म (म्ह) पूजा गर्नुपर्ने 'कृत्यवाटिका' नामक ग्रन्थमा उल्लेख गरिएको छ । कार्तिक शुक्ल प्रतिपदा प्रारम्भ हुने भएकाले आत्म (म्ह) पूजा यसै दिन गर्नुपर्ने हुन्छ ।

आत्म (म्ह) पूजा विशेषगरी नेवार समुदायले गर्ने परम्परा छ । समितिले स्वीकृति दिने तीनवटा पात्रो (पञ्चांग) नेवार समुदायका पञ्चांगकारले प्रकाशन गर्ने गरेका छन् । सिद्धिलक्ष्मी व्यञ्जनकार, कीर्तिकिरण जोशी र शशिधर जोशी नेवार समुदायकै पञ्चांगकारले पनि कात्तिक २४ गते नै आत्म (म्ह) पूजा गर्ने विषय आफ्ना पञ्चांग (पात्रो) मा उल्लेख गरेका छन् । नेपाल संवत्को नयाँ वर्ष ११४७ पनि यसै दिन सुरु हुन्छ । प्रतिपदाका दिन सूर्योदय भएकै दिन नयाँ वर्ष मनाउनुपर्ने शास्त्रीय वचन रहेको छ ।

शास्त्रीय विधिअनुसार भाइपूजा र नेवारी भाषामा भनिने किजापूजा पनि कात्तिक २५ गते बुधबार नै मनाइन्छ । शास्त्रीय वचनअनुसार मध्याह्नकालमा नै भाइटीका लगाइन्छ । यसैले कात्तिक २५ गते नै भाइटीका मनाउन शास्त्रसम्मत हुने समितिको ठहर छ ।

शास्त्रीय ग्रन्थमा भ्रातृपूजा भन्ने शब्द उल्लेख गरिएको र त्यस शब्दले दाजुभाइ दुवैलाई बुझाउने अध्यक्ष भट्टराईको भनाइ छ । भाइटीका भनिए पनि ज्येष्ठको क्रमानुसार नै टीकाटाला गर्नु शास्त्रसम्मत हुने समितिले जनाएको छ ।

प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म यमपञ्चक भनिने तिहार पर्व मनाइन्छ । यस पर्वमा कार्तिक कृष्ण त्रयोदशीको साँझदेखि कार्तिक शुक्ल द्वितीयाको साँझसम्म यमदीपदान गरिन्छ । यमदीपदान परिवारको संख्याका आधारमा नाम उच्चारण गरेर गरिन्छ । यस अवसरमा यमदीप दान गरे यमयातनाबाट मुक्ति पाइने शास्त्रीय मान्यता छ ।

काग र कुकुरलाई पनि यमदूतका रूपमा मीठा परिकार खान दिएर खुसी बनाउने वैदिक परम्परा छ । जसले यमलोकमा सहयोग गर्ने विश्वास गरिन्छ । *रासस*

'बोन धर्म र तामाङ जाति' पुस्तक सार्वजनिक



■ प्रभाव संवाददाता

काठमाडौं– तामाङ इतिहास र संस्कृतिसँग सम्बन्धित रहेर लेखिएको पुस्तक 'बोन धर्म र तामाङ जाति' सार्वजनिक भएको छ । नेपाल तामाङ घेदुङका संघीय सदस्य एवं तामाङ ह्वइ (थर) वंशावली विभाग प्रमुख फुर्साङ मोक्तान तामाङले लेखेको उक्त पुस्तक सोमबार एक समारोहबीच प्रतिनिधिसभा सदस्य परशुराम तामाङलगायतले सार्वजानिक गरेका हुन् ।

घेदुङका पूर्वअध्यक्षसमेत रहेका सांसद तामाङले यो पुस्तकले तामाङ समुदायको धार्मिक र सांस्कृतिक विविधतालाई उजागर गरेको बताए । उनले बौद्ध र बोन धर्मलाई समानान्तररूपमा अभ्यास गर्दै आएको तामाङ समुदायको ओझेलमा पर्दै आएको बोनको दर्शन र अभ्यासलाई पुनर्स्थापित गर्न तथा नयाँ पुस्तामा हस्तान्तरण गर्न निरन्तर खोज आवश्यक रहेकोमा जोड दिए ।

'प्रकृतिपूजक आदिवासी तामाङ समुदायले सांस्कृतिक परम्पराहरूलाई समयअनुकूल परिमार्जन गर्दै दर्शनमा आधारित भएर अगाडि बढाउनुपर्छ । यसका लागि यो पुस्तकले राम्रो बहस सुरुवात गरेको छ,' सांसद तामाङले भने ।

कार्यक्रममा पूर्वऊर्जा राज्यमन्त्री सूर्यमान दोङ, अन्तर्राष्ट्रिय तामाङ परिषद्का महासचिव टासी लामा, घेदुङका अध्यक्ष रामकृष्ण ब्लोन तामाङ, तामाङ राष्ट्रिय मुक्ति मोर्चाका कार्यवाहक अध्यक्ष अविरल जिम्बा, लेखक एवं अनुसन्धाता रविन्द्र तामाङ, लेखक डुपवाङगेल मोक्तानलगायतले पुस्तकले तामाङ समुदायले अँगाल्दै आएको बोन परम्परालाई उजागर गरेको धारणा राखे । उनीहरूले पछिल्लो समय तामाङ समुदायले बौद्ध धर्मलाई बढवा दिइरहेको अवस्थामा बोन परम्पराको महत्त्व र खोजलाई निरन्तरता दिई तामाङ पहिचानलाई थप मजबुत बनाउन सकिने धारणा राखे ।

लेखक तथा अनुसन्धाता खोजराज गोलेले पुस्तकमाथि टिप्पणी गर्दै बोन धर्म र तामाङ जातिको सन्दर्भमा पहिलो पुस्तक आएको उल्लेख गर्दै यसले थप अध्ययनको बाटो खोलेको बताए । तामाङ पहिचान बोनमा नै आधारित रहेको हुँदा यसको जरासम्म पुगेर अध्ययन गर्न आवश्यक रहेकोमा उनले जोड दिए ।

लेखक मोक्तानले पुस्तकमा तामाङ जातिको ऐतिहासिक पृष्ठभूमि, धार्मिक दर्शन, सांस्कृतिक अभ्यास र परम्पराका विविध पक्ष समेटिएको बताए । नयाँ पुस्तामाझ समुदायको संस्कार संस्कृति र परम्परा विषयमा पुस्तान्तरणसँगै अभिलेखीकरणमा पुस्तकले विमर्शको आधार तयार गर्ने अपेक्षा गरिएको उनले बताए ।

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रिय कार्यालयः थापाथली, काठमाण्डौं
जि.पि.ओ. बक्सः २३१७०
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्सः ९७७-१-४७८२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालोसूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०७/१८

यस वित्तीय संस्थाको विभिन्न शाखा कार्यालयबाट कर्जा लिने देहाय बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिनु भएको लिखत र कर्जा स्वीकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तिय संस्थाबाट पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस वित्तिय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धित ऋणी तथा सम्बन्धित पक्षहरुलाई सूचित गरिएको छ । उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम वित्तिय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिंदाका बखत यस वित्तिय संस्थालाई लेखिदिनु भएको धितोबाट र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति, ऋण लिंदा जमानी दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तिबाट समेत बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तिय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धित अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. २०८२ को १२(९)को (१)क बमोजिम कर्जा सुचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रकिया अघि बढाइने व्यहोरा समेत पुर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ ।

तपशिल:

१. ऋणीको नाम : हजरत इलाहीन बाबु : आस महमद मीया बाजे : इलाही बकस मिया ना.प्र.नं.: ३४-१६०३१९०६५ जारी मिति : २०४५/०२/२३, जि.प्र.का.: पर्सा ठेगाना : पर्सा जिल्ला विरगंज उप.म.न.पा. वडा नं. १९ को परिवर्तित विरगंज म.न.पा. वडा नं. १६ **कर्जाको प्रकार : मञ्जुश्री सजिलो कर्जा**	**व्यक्तिगत जमानिकर्ता : मन्टु मिया** बाबु : हजरत इलाहीन बाजे : आस महमद मीया ना.प्र.नं.: ३४-०१-७१-०२५२७ जारी मिति : २०७१/०३/१३, जि.प्र.का.: पर्सा ठेगाना : पर्सा जिल्ला विरगंज उप.म.न.पा. वडा नं. १९ को परिवर्तित विरगंज म.न.पा. वडा नं. १६
व्यक्तिगत जमानिकर्ता : गौतम खातुन बाबु : नजुरहक मिया तेली पति : हजरत इलाहीन ना.प्र.नं.: १६०३२७२७८, जारी मिति : २०५७/१२/१५, जि.प्र.का.: पर्सा ठेगाना : पर्सा जिल्ला विरगंज उप.म.न.पा. वडा नं. १९ को परिवर्तित विरगंज म.न.पा. वडा नं. १६	

मलेसियामा रोजगार कम्पनी : PLL PACKAGING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/११/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ LT. No. 340012 चलानी नं. ६०२५३३५७

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलव RM	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	General Worker/Factory Worker	23	0	1700	६३,२९४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

कम्पनी : HOCHUEN MEDICAL SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०२/०४ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ LT. No. 342297 चलानी नं. ६०२५५५९४

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलव RM	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Factory Operator	3	2	1700	६३,२९४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कातिक २५ गते (11th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९६/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

DREAMLAND MANAGEMENT PVT.LTD.
Tokha-5, Dhapasi, Kathmandu, Nepal +977-1-4965939, 4982814,
+977-1-4984392, Harish Sinjali : 9702025933, dreamlandmgmt776@gmail.com www.dreamlandmgmt.com
Govt. License 776/065/066

कतारमा रोजगार कम्पनी : Al Mukhtar Cleaning & Services Wll

पूर्व स्वीकृति मिति : २०८३/०७/१७ LT. No. 349945 चलानी नं. ६०२६३००६

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलव QR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Supervisor	5	0	2500	१,०४,०२०	क.नि.अनुसार	८ घण्टा	६ दिन	क.नि.अनुसार	छ		२ वर्ष
2	Cleaner Offices	63	0	1000	४१,६०८							
3	Cleaner Offices	0	2	1000	४१,६०८							

कम्पनी : Roma Furniture

पूर्व स्वीकृति मिति : २०८३/०७/१७ LT. No. 350017 चलानी नं. ६०२६३००७

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलव QR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Service agents	6	0	1500	६२,४१२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कातिक २५ गते (11th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९६/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ASIA LINK Services Pvt. Ltd. श्रम इजाजत नं ११९/०५५/०५६
ASIA LINK SERVICES PVT. LTD.
Bansbari, Kathmandu, Nepal, Tel: +977-01-5903260, Phone No : 985-1116133, 9851330547, 9851330557, E-mail: info@asialinkservices.com.np, Website: www.asialinkservices.com

कतारमा रोजगार कम्पनी : BHATTARAI TRADING CONTRACTING AND MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८३/०४/१२ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ LT. No. 345416 चलानी नं. ६०२५८८८०

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	महिला	मासिक तलव QR	ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Account General	1	0	3600	१,४९,४६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Accounts	1	0	3600	१,४९,४६०							
3	Asian Cook	2	0	1600	६६,४२७							
4	Assistant Cook	1	3	1500	६२,२७५							
5	Car Drivrer(Light)	1	0	1800	७४,७३०							
6	Driver Truck	2	0	2700	१,१२,०९५							
7	Fish Conservation Freezing Worker	1	0	1100	४५,६६८							
8	Insurance Broker	1	0	2500	१,०३,७९२							
9	Lobour	1	0	1000	४१,५१६							
10	Representative	4	0	2200	९१,३३७							
11	Technician Building	2	0	1300	५३,९७१							
12	Waiter	0	3	1500	६२,२७५							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कातिक २५ गते (11th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

B. D. INTERNATIONAL RECRUITMENT SERVICES PVT. LTD.
Batishputali, Kathmandu, Nepal, Tel No: 01-5925622, Mobile: 9813185078 (Shailendra Dev)
Email Id: info@bdinternational.com.np, bdinternationalrecruitment@gmail.com, Web: www.bdinternational.com.np
श्रम ईजाजत नं. १७३०/०८१/०८२

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३, (अनुसुची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धि आ.व. २०८३/८४ को पहिलो त्रैमासिक प्रतिवेदन

Yambaling Hydro Power Limited

Jwagal-10, Lalitpur, Nepal

Unaudited Financial Report (Quarterly)
1st Quarter as on 31st Ashwin, 2083, F/Y 2083/84

Figure in NPR

Particulars	This Quarter Ending Ashwin 2083	Previous Quarter Ending Ashadh 2083	Corresponding perviuous year Quarter ending Ashwin 2082
Assets			
Non current Assets			
Property Plant and Equipment	3,597,903	3,924,985	4,906,231
Intangible Assets	1,811,341,716	1,827,981,950	1,877,902,651
Deffered Tax Assets	14,607,827	14,607,827	8,259,940
Total Non Current Assets	**1,829,547,446**	**1,846,514,762**	**1,891,068,822**
Current Assets			
Financial Assets			
Trade & Other Receivables	27,624,732	20,467,341	53,524,020
Short Term Loans & Advances	3,562,093	3,758,264	3,253,268
Cash and Cash Equivalent	11,359,475	2,167,874	8,612,215
Other Current Assets	16,150	3,471,153	-
Total Current Assets	**42,562,450**	**29,864,632**	**65,389,503**
Total Assets	**1,872,109,897**	**1,876,379,393**	**1,956,458,325**
Equity and Liability Equity			
Share Capital	700,000,000	700,000,000	420,000,000
Reserve and Surplus	(34,426,576)	(53,541,839)	26,696,123
Total Equity	**665,573,424**	**646,458,161**	**446,696,123**
Liability			
Non Current Liabilities			
Financial Liabilities			
Loans and Borrowings (Long Terms)	1,094,627,943	1,107,924,735	1,112,965,059
Lease Liabilities	-	-	-
Total Non Current Liabilities	**1,094,627,943**	**1,107,924,735**	**1,112,965,059**
Financial Liabilities			
Loans and Borrowings (Short Term)	65,063,977	63,471,063	263,558,457
Trade and other Payables	14,853,170	19,190,059	55,130,624
Retention Liabilities	22,760,798	22,760,798	41,153,977
Other Current Liabilities	9,230,585	16,574,578	36,954,086
Total Current Liabilities	**111,908,530**	**121,996,497**	**396,797,144**
Total Liability	**1,206,536,472**	**1,229,921,232**	**1,509,762,202**
Total Equity and Liability	**1,872,109,897**	**1,876,379,393**	**1,956,458,325**

Unaudited Income Statement
For the period 1st Shrwan 2083 to 31st Ashwin, 2083

Particulars	This Quarter Ending Ashwin 2083	Previous Quarter Ending Ashadh 2083	Corresponding perviuous year Quarter ending Ashwin 2082
Revenue from operation	69,975,853	179,762,606	74,364,902
Cost of Sales	7,521,576	39,244,186	7,320,732
Gross Profit	**62,454,277**	**140,518,420**	**67,044,169**
Construction Revenue IFRIC Expenses	-	-	-
Employee Benefits	539,600	1,908,510	552,790
Administrative Expenses	819,891	6,338,331	255,313
IPO Issue Expenses	-	6,296,380	-
Depreciation and Amortization Expense	16,967,316	67,869,262	16,967,316
Total Expenses	**18,326,807**	**82,412,483**	**17,775,419**
Profit Before Financial Cost, Bonus & Tax	44,127,470	58,105,937	49,268,750
Finance Cost	24,622,099	112,402,147	29,817,987
Profit Before Bonus & Tax	19,505,371	(54,296,210)	19,450,763
Staff Bonus	390,107	-	389,015
Profit Before Tax (PBT)	**19,115,263**	**(54,296,210)**	**19,061,748**
Income Tax Expenses	-	-	-
Deferred Tax	-	6,787,026	-
Profit for the Period	**19,115,263**	**(47,509,184)**	**19,061,748**

Notes: The figures are regrouped and rearranged where necessary. The Unaudited Financial figure are subject to change from external auditors and regulatory authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३,
(अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)
आ.व. २०८३/८४ को पहिलो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण

क. आ.व. २०८३/८४ को पहिलो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाव किताव मिती २०८३/०७/१८ गतेको प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित गरिनेछ ।

ख. उक्त वासलातको आधारमा कम्पनीको मुख्य वित्तिय अनुपात निम्नानुसार छन् ।

प्रति शेयर आम्दानी	२.७३	प्रति शेयर कूल सम्पत्तिको मूल्य	२६७.४४
प्रति शेयर नेटवर्थ	९५.०८	मूल्य आम्दानी अनुपात	१६४.४२
तरलता अनुपात	०.३८		

२. व्यवस्थापकीय विश्लेषण :

यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा उल्लेखनिय परिवर्तन छैन । कम्पनीको व्यवसायिक योजना अनुरुप नै कार्यहरु हुँदैछन् । यस त्रैमासिक अवधिमा विद्युत विक्रिबाट हुने आम्दानी सन्तोषजनक रहेको पाईएको छ ।

३. कानूनी कारबाही सम्बन्धी विवरण :

यस त्रैमासिकमा संस्थाले कसै विरूद्ध र कसैले संस्था विरूद्ध साथै संस्थापक र सञ्चालक विरूद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:

धितोपत्र बजारमा संस्थाको शेयर कारोवार निम्नानुसार सामान्य प्रकृति बाटै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको अधिकतम, न्युनतम, अन्तिम मूल्य कारोवार भएको कूल दिन तथा कारोवार संख्या स्टक एक्सचेन्ज लि. को वेवसाईट अनुसार:

अधिकतम मूल्य रू.	६९३.००	अन्तिम मूल्य रू.	४४९.००
न्यूनतम मूल्य रू.	४४८.२०	कारोवार दिन	६१
कारोवार संख्या	३७,१३५		

५. समस्या तथा चुनौती :

संस्थाले बहन गर्नु परेको समस्यामा विद्युत विक्री मूल्य समायोजना हुन नसक्नु हो । विद्युत विक्री मूल्य समय समयमा बृद्धि हुँदा पनि साना खाले विद्युत आयोजनाको मूल्य समाहीत हुन नसक्नु यस क्षेत्रको चुनौती बनेको छ । आइपर्ने समस्या र चुनौती समाधानका उपायहरु बारे सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनीति बनाई सो को निराकरण गर्न खोजेको छ ।

६. संस्थागत सुशासन :

संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी वृत्ति विकास, आवस्यक कार्यकक्ष र सामाग्रिहरुको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा प्रवन्ध सञ्चालकको उद्घोषण :

आजका मिती सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

डिजिटल नेपालको व्यावहारिक सास्ती

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले राष्ट्रिय परिचयपत्रको विवरण प्रमाणीकरण नभएका कारण सार्वजनिक सेवा रोकिएका नागरिकहरूका लागि एक सकारात्मक र राहतपूर्ण सूचना जारी गरेको छ । राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त भइसकेका नागरिकहरूको बायोमेट्रिक प्रमाणीकरणमा प्राविधिक ढिलाइ भएता पनि राहदानी, सवारी चालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स), बैंक तथा वित्तीय संस्थालगायतका सार्वजनिक सेवा प्रवाह नरोक्न विभागले आग्रह गरेको छ । ढिलै भए पनि विभागको यो सूचनाले हजारौं सेवाग्राहीलाई केही हदसम्म राहत दिलाएको छ । तर, यस घटनाले हाम्रो सरकारी निकायहरूको पूर्वतयारी, प्राविधिक क्षमता र सेवाप्रदायक निकायहरूबीचको समन्वयको अभावलाई पुनः उजागर गरेको छ ।

पछिल्लो समय सरकारले राहदानी नवीकरण, सवारी चालक अनुमतिपत्र परीक्षा तथा नवीकरण, बैंक खाता सञ्चालनजस्ता आधारभूत कार्यका लागि राष्ट्रिय परिचयपत्रलाई अनिवार्य बनाएको थियो । नागरिकहरू घण्टौं लाइन बसेर, कागजी र बायोमेट्रिक विवरण बुझाएर राष्ट्रिय परिचय नम्बर प्राप्त गर्न सफल हुन्छन् । तर, नम्बर प्राप्त भइसकेपछि पनि 'अटोमेटिक बायोमेट्रिक इन्फर्मेसन सिस्टम' को क्षमता पर्याप्त नहुँदा विवरण प्रमाणीकरण रोकिनु र त्यसको प्रत्यक्ष असर नागरिकको सेवा प्राप्तिमा पर्नु अत्यन्तै दुःखी र गैरजिम्मेवारपूर्ण विषय हो । विशेषगरी असोज १ गतेपछि विवरण दर्ता गराएका नागरिकहरूले सवारी चालक अनुमतिपत्रजस्ता अत्यावश्यक सेवा लिन नपाउँदा ठूलो मानसिक तथा व्यावहारिक सास्ती भोग्नुपरेको थियो ।

कुनै पनि नयाँ डिजिटल प्रणाली लागू गर्नुअघि त्यसको चाप, सर्भर क्षमता र प्राविधिक पूर्वाधारको पूर्वमूल्यांकन हुनुपर्ने सामान्य सिद्धान्त हो । विडम्बना, नेपालका प्रायः सरकारी डिजिटल प्रणालीहरूमा सेवाग्राहीको चाप बढेपछि मात्र क्षमता विस्तारको सम्झना आउने गरेको छ । अटोमेटिक बायोमेट्रिक इन्फर्मेसन सिस्टमको क्षमता विस्तार गर्ने कार्य अन्तिम चरणमा पुगेको र आगामी दुई साताभित्र नियमित हुने विभागको भनाइ स्वागतयोग्य त छ, तर दुई साताको यो ढिलाइले सिर्जना गर्ने सास्तीका लागि जिम्मेवार को हुने ?

सूचना जारी गर्नुमात्रै समस्याको पूर्ण समाधान होइन । प्रायः सरकारी निकायहरूबीच आपसी समन्वयको तीव्र अभाव देखिन्छ । एकातिर विभागले 'सेवा नरोक्न' आग्रह गर्छ, भने अर्कातिर यातायात कार्यालय वा बैंकहरूले 'सिस्टममा म्याच नभएको' भन्दै सेवाग्राहीलाई फर्काइदिने परिपाटी नेपालमा नयाँ होइन । तसर्थ, विभागले केवल वक्तव्य जारी गरेर आफ्नो दायित्वबाट पन्छिन मिल्दैन । अन्तरआबद्ध रहेका सबै सेवाप्रदायक निकायहरूलाई आधिकारिक परिपत्र पठाई सोहीअनुसारको सहजीकरण सुनिश्चित गर्नुपर्दछ ।

प्रविधिले नागरिकको जीवनलाई सहज र पारदर्शी बनाउनुपर्ने हो, झण्झटिलो र बाधा उत्पन्न गर्ने होइन । राष्ट्रिय परिचयपत्र निर्माण र वितरण प्रक्रियालाई द्रुत गतिमा अघि बढाउनुका साथै यसको प्राविधिक क्षमता विस्तार, सर्भर व्यवस्थापन र निकायगत अन्तर-आबद्धतालाई सुदृढ बनाउनु अहिलेको मुख्य आवश्यकता हो । आगामी दिनमा यस्ता प्राविधिक त्रुटिका कारण नागरिकले सेवा पाउनबाट वञ्चित हुनुपर्ने अवस्था दोहोरिनु हुँदैन । विभागले तोकेको दुई साताको समयावधिभित्र प्रणालीलाई पूर्णरूपमा सञ्चालन गरी सार्वजनिक सेवालाई सहज र निर्बाध बनाउन सरकार र सम्बन्धित निकायको गम्भीर ध्यान जाओस् ।

श्रम सरोकार

विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीबाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमा:

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।



■ आरपी गैरे

बिचौलियाको कब्जामा बजार महँगीको मारमा सर्वसाधारण

तिहार नजिकिँदै छ । बजारमा चहलपहल हुनुपर्ने, घरआँगनमा रंगीचंगी बत्ती झिलिमिली हुनुपर्ने, पसलहरूमा ग्राहकको भीड लाग्नुपर्ने र गाउँघरमा दाजुभाइ, दिदीबहिनी तथा परिवारबीच खुसी साटासाट हुनुपर्ने समय हो यो । तर यस वर्षको तिहारले धेरै नेपालीको मनमा उत्साहभन्दा बढी चिन्ता बोकेर आएको अनुभूति हुन्छ ।

चाडपर्वको मौसम सुरु भए पनि बजारमा अपेक्षित रौनक छैन । व्यापार व्यवसाय सुस्त छन् । उपभोक्ताको क्रयशक्ति कमजोर बनेको छ । आम्दानीभन्दा खर्च बढेको छ । महँगीले सर्वसाधारणको ढाड सेकिरहेको छ । चाडपर्व मनाउने रहर त छ, तर त्यसका लागि आवश्यक आर्थिक सामर्थ्य धेरै परिवारसँग छैन । बाहिरबाट हेर्दा तिहारको उज्यालो देखिए पनि आमनागरिकको भान्सा, खल्ती र भविष्यमा भने अँध्यारो बढ्दै गएको छ ।

नेपालको अर्थतन्त्रको एउटा तीतो यथार्थ के हो भने देशको ठूलो हिस्सा रेमिटचान्समा निर्भर छ । गाउँघरका खेतबारी बाँझिँदै छन्, घरका आँगन खाली हुँदै छन् र परिवारका सदस्यहरू रोजगारीको खोजीमा विदेश पलायन भइरहेका छन् । कुनै समय गाउँमा दसैं-तिहार आउँदा घर फर्कनेको भीड लाग्थ्यो । गाउँका बाटाहरू भरिभराउ हुन्थे । आफन्त, छिमेकी र साथीभाइबीच भेटघाट हुन्थ्यो । अहिले धेरै गाउँमा त्यो दृश्य बदलिएको छ । घरमा वृद्ध आमाबुबा छन्, कतै बालबालिकामात्रै छन् । युवा पुस्ता विदेशमा छ । चाडपर्वमा पनि गाउँ सुनसान देखिन थालेका छन् । घरका ढोकामा झिलिमिली बत्ती त बल्छन्, तर परिवारका सदस्यको उपस्थिति हुँदैन । रेमिटचान्सले घर खर्च चलेको छ, तर गाउँको उत्पादन, स्थानीय अर्थतन्त्र र सामाजिक सम्बन्ध कमजोर हुँदै गएको छ ।

पढेलेखेका युवाको सपना नेपालभित्र अवसर खोज्नेभन्दा अमेरिका, अस्ट्रेलिया, बेलायत, क्यानडा, जापान र युरोपका विभिन्न देश पुग्ने बनेको छ । उच्च शिक्षा, राम्रो रोजगारी र सुरक्षित भविष्यको खोजीमा दक्ष तथा शिक्षित युवा देश छाडिरहेका छन् । अर्कोतर्फ कम पढेलेखेका वा सीपयुक्त रोजगारीको अवसर नपाएका युवाहरू खाडी मुलुक र मलेसियातर्फ गइरहेका छन् । कोही निर्माण क्षेत्रमा पसिना बगाइरहेका छन्, कोही होटल, रेस्टुरेण्ट, उद्योग र श्रमप्रधान क्षेत्रमा काम गरिरहेका छन् । उनीहरूले पठाएको पैसाले देशको विदेशी मुद्रा सञ्चिति, आयात र उपभोगलाई धानेको छ । तर प्रश्न उठ्छ, देशको उत्पादन र रोजगारी सिर्जना गर्ने उमेरका युवा नै विदेश गएपछि नेपालको भविष्य कसले निर्माण गर्ने ?

रेमिटचान्सले तत्कालीन आर्थिक आवश्यकता पूरा गर्न सहयोग गरे पनि त्यसलाई दीर्घकालीन समृद्धिको आधार मान्न सकिँदैन । विदेशबाट आएको पैसाले उपभोग बढाएको छ, तर उत्पादन बढाउन सकेको छैन । गाउँमा पैसा पुगेको छ, तर कृषि उत्पादन घटेको छ । बजारमा सामान बिक्री भएको छ, तर त्यसको ठूलो हिस्सा आयातीत वस्तुमा निर्भर छ । देशभित्र उद्योगधन्दा विस्तार हुन सकेका छैनन् । कृषि, पर्यटन, ऊर्जा, निर्माण र साना तथा मझौला उद्योगमा पर्याप्त रोजगारी सिर्जना हुन सकेको छैन । यसरी विदेशबाट पैसा आउने र त्यही पैसाले विदेशबाटै आयात गरिएका सामान किन्ने चक्रमा नेपाली अर्थतन्त्र घुमिरहेको छ । यो अवस्थाले दीर्घकालमा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने लक्ष्यलाई चुनौती दिएको छ ।

अर्कोतर्फ बजारमा महँगी र कालोबजारीको समस्या उत्तिकै गम्भीर छ । चाडपर्व नजिकिँदा खाद्यान्न, तरकारी, फलफूल, लत्ताकपडा, तेल, चामल, चिनी, मसला र दैनिक उपभोग्य वस्तुको मूल्य बढ्ने प्रवृत्ति पुरानै हो । उपभोक्ताले बजारमा मूल्यवृद्धिको मार खेपिरहेका छन् । तर मूल्यवृद्धिको वास्तविक कारण के हो, कसले मूल्य बढायो, कुन तहमा बिचौलियाको भूमिका छ र बजार अनुगमन गर्ने निकायले के गरिरहेका छन् भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ नागरिकले पाउन सकेका छैनन् । बजारमा मूल्यसूची राख्ने व्यवस्था भए पनि त्यसको प्रभावकारी कार्यान्वयन देखिँदैन । उपभोक्ता ठगिँदा उजुरी गर्ने निकाय छन्, अनुगमन गर्ने संयन्त्र छन्, कानुन पनि छन् । तर सर्वसाधारणले दैनिक किनमेल गर्दा त्यसको प्रत्यक्ष लाभ महसुस गर्न सकेका छैनन् ।

व्यापारीले महँगोमा सामान आएको बताउँछन्, उपभोक्ताले महँगोमा किन्न बाध्य हुन्छन् । उत्पादकले उचित मूल्य पाउँदैनन्, उपभोक्ताले सस्तोमा सामान पाउँदैनन् । बीचमा रहेका वितरण प्रणाली, ढुवानी, बिचौलिया र बजार व्यवस्थापनका कमजोरीले मूल्य बढाइरहेका छन् । वास्तविक लागत र उपभोक्ताले तिर्नुपर्ने मूल्यबीचको अन्तर पारदर्शी हुन सकेको छैन । यसले बजारमा प्रतिस्पर्धा र उपभोक्ता अधिकार दुवै कमजोर बनाएको छ । चाडपर्वको अवसरलाई व्यापार विस्तार र उपभोक्तालाई सहुलियत दिने समय बनाउनुपर्नेमा कतिपयले यही समयलाई बढी नाफा कमाउने अवसरका रूपमा लिने गरेका छन् । यस्तो अवस्थामा गरिब तथा मध्यमवर्गीय परिवारका लागि तिहारको किनमेलसमेत आर्थिक बोझ बन्न पुगेको छ ।

यही पृष्ठभूमिमा नयाँ राजनीतिक शक्तिका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारप्रति नागरिकले ठूलो अपेक्षा राखेका थिए । पुराना राजनीतिक दलको कार्यशैली, भ्रष्टाचार, नातावाद, कृपावाद, ढिलासुस्ती र कुशासनबाट आजित भएका नागरिकले परिवर्तनको आशासहित नयाँ नेतृत्वलाई अवसर दिएका हुन् । जनताले केवल सरकार परिवर्तन खोजेका थिएनन्, शासन गर्ने शैली परिवर्तन होस् भन्ने चाहेका थिए । सरकारी सेवा सहज होस्, भ्रष्टाचार नियन्त्रण होस्, बजारमा महँगी घटोस्, युवाले देशमै रोजगारी पाऊन्, किसानले उत्पादनको उचित मूल्य पाऊन् र सर्वसाधारणले राज्यबाट राहत महसुस गर्न सकून् भन्ने अपेक्षा थियो । नयाँ सरकार आएपछि नागरिकको दैनिक जीवनमा पनि परिवर्तन देखिने विश्वास गरिएको थियो ।

तर सरकार परिवर्तन भएको अनुभूति र जनताको जीवनमा परिवर्तन भएको अनुभूतिबीच ठूलो अन्तर देखिन थालेको छ । नागरिकका दैनिक समस्या उस्तै छन् । बजारमा महँगी छ, रोजगारीको अवसर सीमित छ, व्यापार व्यवसायले गति लिन सकेका छैनन् र सर्वसाधारणको खर्च धान्ने क्षमता कमजोर बन्दै गएको छ । नयाँ सरकार बनेपछि केही नीतिगत प्रयास र प्रशासनिक सुधारका काम अघि बढेका हुन सक्छन्, तर त्यसको प्रत्यक्ष लाभ नागरिकको भान्सासम्म पुग्न सकेको छैन । जनताले खोजेको परिवर्तन भाषण, घोषणा र सरकारी निर्णयमामात्र सीमित हुनु हुँदैन । त्यसको प्रभाव नागरिकको आम्दानी, रोजगारी, उपभोग, शिक्षा, स्वास्थ्य र जीवनस्तरमा देखिनुपर्छ ।

सरकारले परिवर्तन गर्न खोज्दा पनि पुरानो संरचना, प्रशासनिक जटिलता, स्वार्थ समूह र बिचौलियाको प्रभावले काममा अवरोध सिर्जना गर्न सक्ने वास्तविकता छ । राज्यको नीतिगत निर्णय र कार्यान्वयनबीच देखिने दूरीको एउटा कारण यही हुन सक्छ । तर सरकारले सबै समस्याको दोष बिचौलिया, कर्मचारीतन्त्र वा पुरानो व्यवस्थालाई दिएर उम्कन मिल्दैन । सरकारसँग अधिकार छ, जिम्मेवारी छ र जनताप्रति जवाफदेहिता पनि छ । बिचौलियाको प्रभाव तोड्ने, बजारलाई व्यवस्थित गर्ने, अनियमितता नियन्त्रण गर्ने र प्रशासनलाई जनउत्तरदायी बनाउने काम सरकारकै हो । समस्या कहाँ छ भन्ने पहिचान गर्नु महत्त्वपूर्ण हो, तर त्योभन्दा महत्त्वपूर्ण समस्या समाधान गर्ने परिणाम देखाउनु हो ।

जनताको निराशाको अर्को कारण बेरोजगारी हो । शिक्षित युवाले प्रमाणपत्र बोकेर रोजगारी खोज्दै भौतारिनुपर्ने अवस्था छ । सामान्य कामका लागि पनि पहुँच, चिनजान र सिफारिस खोज्नुपर्ने गुनासो सुनिन्छ । निजी क्षेत्रले पनि लगानी विस्तार गर्न सकेको छैन । बैंक तथा वित्तीय संस्थामा पैसा थुप्रिने तर उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार हुन नसक्ने अवस्था अर्थतन्त्रका लागि सुखद संकेत होइन । नयाँ उद्योग खोल्न चाहनेले अनेक प्रशासनिक झण्झट बेहोर्नुपर्छ । लगानीकर्ताले नीतिगत स्थिरता र विश्वास खोजिरहेका छन् । व्यवसायीले बजारमा माग नभएको गुनासो गरिरहेका छन् । उपभोक्तासँग खर्च गर्ने क्षमता छैन । यस्तो अवस्थामा बजारमा कारोबार कसरी बढ्छ ? व्यापार व्यवसाय कसरी फस्टाउँछ ? अनि रोजगारीका नयाँ अवसर कसरी सिर्जना हुन्छन् ?

देशभित्र उत्पादन र रोजगारी बढाउने स्पष्ट रणनीति नबनाएसम्म युवाको विदेश पलायन रोक्न सम्भव छैन । युवालाई देशमै बस्न आग्रह गरेरमात्र हुँदैन । उनीहरूलाई बस्न सक्ने वातावरण दिनुपर्छ । योग्यताअनुसार काम, श्रमअनुसार पारिश्रमिक, व्यवसाय गर्ने अवसर, लगानीको सुरक्षा र भविष्यप्रतिको भरोसा आवश्यक छ । कृषि क्षेत्रमा आधुनिक प्रविधि, सिँचाइ, मल, बीउ र बजारको सुनिश्चितता गर्नुपर्छ । पर्यटन क्षेत्रमा नयाँ सम्भावना खोज्नुपर्छ । जलविद्युत्, पूर्वाधार, सूचना प्रविधि र उत्पादनमूलक उद्योगमा लगानी बढाउनुपर्छ । साना उद्यमी र स्वरोजगार बन्न चाहने युवालाई सहुलियतपूर्ण कर्जा र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ । सरकारको प्राथमिकता केवल विदेशबाट आउने रेमिटचान्सको तथ्यांकमा खुसी हुने होइन, विदेश जान बाध्य युवालाई स्वदेशमै अवसर सिर्जना गर्ने हुनुपर्छ ।

अहिलेको अर्को गम्भीर समस्या आम्दानी र खर्चबीचको असन्तुलन हो । सरकारी कर्मचारी, शिक्षक, निजी क्षेत्रमा काम गर्ने श्रमिक, साना व्यापारी र दैनिक ज्यालादारी गरेर परिवार चलाउने नागरिक सबैलाई घरखर्च धान्न कठिन भइरहेको छ । घरभाडा, खाद्यान्न, शिक्षा, स्वास्थ्य, यातायात र बिजुलीको खर्च बढिरहेको छ । तर आम्दानी सोही अनुपातमा बढेको छैन । एउटा सामान्य परिवारले मासिक तलब वा व्यवसायबाट हुने आम्दानीबाट घरखर्च चलाउने, बालबालिकाको शिक्षा, स्वास्थ्य उपचार र भविष्यका लागि बचत गर्ने अवस्था कठिन बन्दै गएको छ । धेरै परिवार ऋण लिएर दैनिक जीवन चलाउन बाध्य छन् । यस्तो आर्थिक दबावले परिवारभित्र तनाव बढाएको छ भने नागरिकको भविष्यप्रतिको भरोसा पनि कमजोर बनाएको छ ।

तिहार भनेको दीपावलीमात्र होइन, सम्बन्ध, सद्भाव, पारिवारिक एकता र सामाजिक आत्मीयताको पर्व पनि हो । तर आर्थिक अभावले चाडपर्वको खुसीसमेत प्रभावित भइरहेको छ । कसैलाई घर फर्कन यातायात खर्च जुटाउन कठिन छ, कसैलाई छोराछोरीका लागि नयाँ कपडा किन्न समस्या छ, कसैलाई दाजुभाइ तथा दिदीबहिनीबीचको सम्बन्धको प्रतीक मानिने भाइटीकाका लागि आवश्यक सामग्री जुटाउन मुस्किल छ । विदेशमा रहेका आफन्तले पठाएको पैसाबाट चाडपर्व मनाउने परिवारको संख्या बढिरहेको छ । यसले हाम्रो सामाजिक संरचनामा आएको परिवर्तन पनि देखाउँछ । चाडपर्वमा घर भरिभराउ हुनुपर्ने समयमा घरका सदस्यहरू भिडियो कलमार्फत शुभकामना साटासाट गर्न बाध्य छन् ।

यस्तो अवस्थामा सरकारले नागरिकको निराशालाई सामान्य असन्तुष्टि ठानेर बेवास्ता गर्नु हुँदैन । जनताले परिवर्तनका नाममा असम्भव सपना देखेका होइनन् । उनीहरूले भ्रष्टाचार कम होस्, महँगी नियन्त्रण होस्, रोजगारी बढोस्, सरकारी सेवा प्रभावकारी बनोस् र राज्यले नागरिकको दुःख बुझोस् भन्ने सामान्य अपेक्षा गरेका हुन् । यी अपेक्षा पूरा गर्न नसक्दा नयाँ र पुरानो राजनीतिक शक्तिबीचको भिन्नता नागरिकले कसरी महसुस गर्ने ? सरकारको मूल्यांकन उसका नारा र प्रतिबद्धताबाट होइन, परिणामबाट हुन्छ । जनताले परिवर्तनको अनुभूति गर्न नसकेपछि निराशा बढ्नु स्वाभाविक हो ।

सरकारले तत्काल बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्छ । खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुको मूल्य, गुणस्तर र आपूर्ति प्रणालीलाई पारदर्शी बनाउनुपर्छ । कालोबजारी, कृत्रिम अभाव, अस्वाभाविक मूल्यवृद्धि र उपभोक्ता ठगीमा संलग्नलाई कानुनी दायरामा ल्याउनुपर्छ । अनुगमन केवल चाडपर्व लक्षित औपचारिकतामा सीमित हुनु हुँदैन । किसानले उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले उचित मूल्यमा वस्तु प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्छ । निजी क्षेत्रसँग सहकार्य गर्दै लगानीमैत्री वातावरण बनाउनुपर्छ । बन्द तथा समस्याग्रस्त उद्योग सञ्चालनमा ल्याउने, नयाँ उद्योग स्थापना गर्ने र स्थानीय उत्पादनको बजार सुनिश्चित गर्ने कार्यक्रम अघि बढाउनुपर्छ । रोजगारी सिर्जना गर्ने उद्योग तथा व्यवसायलाई प्रोत्साहन दिनुपर्छ ।

राजनीतिमा परिवर्तन आउनु लोकतान्त्रिक प्रक्रियाको स्वाभाविक पक्ष हो । तर राजनीतिक परिवर्तनको वास्तविक अर्थ नागरिकको जीवनमा सुधार आउनु हो । सरकार नयाँ भए पनि जनताको दुःख पुरानै रहचो भने परिवर्तनको अनुभूति अधुरै रहन्छ । पुराना दलले गरेका गल्तीको विरोध गरेरमात्र नयाँ नेतृत्वको जिम्मेवारी पूरा हुँदैन । नयाँ नेतृत्वले आफूलाई परिणामबाट प्रमाणित गर्नुपर्छ । जनताले दिएको विश्वासलाई प्रशासनिक निर्णय, आर्थिक सुधार र सुशासनका ठोस उपलब्धिमा बदल्न सक्नुपर्छ । बिचौलियाको प्रभाव हटाउने हो भने त्यसको स्पष्ट परिणाम देखिनुपर्छ ।

भ्रष्टाचार नियन्त्रण गर्ने हो भने ठूला र साना सबैमाथि समान कानुनी कारबाही हुनुपर्छ । युवालाई स्वदेशमै रोक्ने हो भने रोजगारी र अवसर सिर्जना हुनुपर्छ । तिहारको अवसरमा घरघरमा दीप प्रज्वलन गरिन्छ । अँध्यारो हटाएर उज्यालो फैलाउने प्रतीकका रूपमा दीपावली मनाइन्छ । तर आज नेपाली समाजले खोजेको उज्यालो घरको झिलिमिली बत्तीमामात्र सीमित छैन । नागरिकले आर्थिक सुरक्षाको उज्यालो खोजिरहेका छन् । युवाले स्वदेशमै भविष्य देख्न सक्ने उज्यालो खोजिरहेका छन् । किसानले आफ्नो उत्पादनको मूल्य पाउने उज्यालो खोजिरहेका छन् । व्यवसायीले निर्धक्क लगानी गर्न सक्ने वातावरण खोजिरहेका छन् । उपभोक्ताले उचित मूल्यमा दैनिक उपभोग्य वस्तु पाउने अवस्था खोजिरहेका छन् । आमाबुबाले आफ्ना सन्तान विदेसिनु नपर्ने परिस्थिति खोजिरहेका छन् ।

तिहार आउँदै गर्दा बजारमा झिलिमिली बत्ती बल्न थालेका छन्, तर नागरिकको मनमा आशाको दीप कति बलिरहेको छ भन्ने प्रश्न महत्त्वपूर्ण छ । चाडपर्वको खुसी आर्थिक हैसियतसँग मात्र जोडिनु हुँदैन । राज्यले नागरिकलाई सम्मानपूर्वक बाँच्न सक्ने वातावरण दिन सक्नुपर्छ । देश रेमिटचान्सले मात्र चलाएर समृद्ध हुन सक्दैन । युवालाई विदेश पठाएर मात्र अर्थतन्त्र बलियो हुँदैन । आयात गरेर उपभोग बढाउँदैमा विकास हुँदैन । उत्पादन, रोजगारी, लगानी, सुशासन र सामाजिक सुरक्षाको बलियो आधार निर्माण गर्नुपर्छ ।

अन्ततः जनताले खोजेको परिवर्तन सत्ता र नेतृत्व फेरिनुमात्र होइन, जीवन फेरिनु हो । सरकार परिवर्तन भयो, अनुहार परिवर्तन भए, राजनीतिक नाराहरू परिवर्तन भए, अब नागरिकको दैनिकी पनि परिवर्तन हुनुपर्छ । तिहारको उज्यालोले सरकारलाई यही सन्देश दिन सकोस् जनताको भान्सामा चुलो बल्नुपर्छ, युवाको हातमा रोजगारी हुनुपर्छ, किसानको खेतमा उत्पादन हुनुपर्छ, व्यवसायीको पसलमा ग्राहक हुनुपर्छ र गाउँघरमा फेरि चहलपहल फर्किनुपर्छ । तबमात्र तिहारको दीपावलीले वास्तविक अर्थमा नेपालीको जीवनमा उज्यालो ल्याउने छ । अन्यथा, घरमा हजारौं बत्ती बले पनि बेरोजगारी, महँगी र निराशाको अँध्यारोले नागरिकको मनलाई छाड्ने छैन ।

'कोप-३१ मा जलवायु न्यायका मुद्दालाई सशक्तरूपमा उठाउछौं'

■ प्रभाव संवाददाता

काठमाडौं– कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले आगामी कोप-३१ सम्मेलनमा नेपालले जलवायु न्याय, पर्याप्त वित्तीय सहयोग र हिमाल संरक्षणका मुद्दालाई सशक्तरूपमा उठाउने बताएकी छन् ।

फ्रेडरिक एबर्ट स्टिफ्टुङ नेपालद्वारा मंगलबार यहाँ आयोजित 'जलवायु वार्ताको टेबलमा नेपाल: जलवायु जोखिमबाट कूटनीतिक प्रभावतर्फ' विषयक कार्यक्रममा मन्त्री चौधरीले जलवायु संकटमा नेपालको योगदान नगण्य भए पनि यसको ठूलो मूल्य नेपाली जनताले चुकाइरहेको बताइन् । उनले हानि तथा नोक्सानी कोषबाट नेपालले दुई करोड १६ लाख अमेरिकी डलर प्राप्त गरेको र अनुकूलन कोषबाट करिब चार करोड ५० लाख डलरका तीन परियोजना अघि बढाउन स्वीकृति पाएको जानकारी दिइन् ।

जलवायु वित्त पर्याप्त, समयमै र ऋण नभई अनुदानका रूपमा उपलब्ध हुनुपर्ने मन्त्री चौधरीको भनाइ थियो । नेपालले भुटानसँग मिलेर हिमालमा १.५ डिग्री सेल्सियस तापक्रम वृद्धिको विषयलाई कोप-३१ को कार्यसूचीमा समावेश गर्न प्रस्ताव गरेको उनले बताइन् । विकसित राष्ट्रहरूले जलवायु वित्तसम्बन्धी प्रतिबद्धता पूरा गर्नुपर्ने, अनुकूलन सहयोग तीन गुणा बढाउनुपर्ने र हिमाली समुदायका समस्या विश्व जलवायु वार्तामा प्राथमिकताका साथ उठाउनुपर्नेमा मन्त्री चौधरीले जोड दिइन् ।

'जलवायु कूटनीति दया माग्ने काम होइन, यो हाम्रो अधिकार, सबैको जिम्मेवारी र साझेदारीको कुरा हो,' उनले भनिन् । जलवायु वित्त स्थानीय तहसम्म पुऱ्याउँदै महिला, आदिवासी जनजाति, दलित तथा युवाको सहभागिता सुनिश्चित गरिने मन्त्री चौधरीले प्रतिबद्धता व्यक्त गरिन् ।

साजनले बनाए गिनिज विश्व कीर्तिमान



काठमाडौं (प्रस)– टोखा नगरपालिका-३ निवासी साजन डंगोलले फुटबलमा लगातार छ घण्टा २२ मिनेटसम्म ४० हजार पटक किकअप गरी 'गिनिज वर्ल्ड रेकर्ड' कायम गरेका छन् । हाल बेलायतमा काम गर्दै खेलकुद क्षेत्रलाई पनि सँगै अगाडि बढाउँदै गरेका उनले पालैपालो दुवै खुट्टा प्रयोग गरी लगातार छ घण्टा २२ मिनेट ५९ सेकेण्डसम्म फुटबल नियन्त्रणमा राख्दै गिनिज वर्ल्ड रेकर्डमा नाम लेखाउन सफल भएका हुन् ।

भकुण्डो डट एनपीले सार्वजनिक गरेको विवरणअनुसार डंगोलले सन् २०२६ मे १५ मा बेलायतको बर्मिंघममा उक्त कीर्तिमान कायम गरेका थिए । लामो समयसम्म एकाग्रता, शारीरिक सन्तुलन र बलमाथिको नियन्त्रण कायम राख्दै उनले यो उपलब्धि हासिल गर्न सकेको उनी बताउँछन् ।

यसअघि पनि १६ फेब्रुअरी २०२४ मा एक घण्टाभित्र पालैपालो दुवै खुट्टाको प्रयोग गरी फुटबललाई भुइँमा खस्न नदिई सबैभन्दा धेरै पटक टच गरेर गिनिज वर्ल्ड रेकर्ड कायम गर्न सफल भएका थिए । त्यतिबेला एक घण्टाभित्र कूल नौ हजार २१८ पटक फुटबल टच गर्दै उनले विश्व कीर्तिमान कायम गरेका थिए । उनको सफलताले नेपाली खेलकुद क्षेत्रलाई अन्तर र्राष्ट्रियस्तरमा थप चिनाउन र नेपालको पहिचान थप उजागर गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

मुख्यमन्त्री शाही र राजदूत बासबीच शिष्टाचार भेट

कर्णाली (प्रस)– कर्णाली प्रदेशका मुख्यमन्त्री मंगलबहादुर शाही र नेपालका लागि इजरायली राजदूत स्मुलिक अरियल बासबीच मंगलबार शिष्टाचार भेटवार्ता भएको छ ।

भेटका अवसरमा दुई देशबीचको ऐतिहासिक तथा कूटनीतिक सम्बन्ध स्मरण गर्दै कर्णाली प्रदेशको समग्र विकास, आधुनिक कृषि प्रणाली तथा प्रविधि हस्तान्तरणका विषयमा गहन छलफल भएको मुख्यमन्त्री शाहीले बताए । उनका अनुसार छलफलमा इजरायलले कृषि क्षेत्रमा हासिल गरेको प्रविधिलाई कर्णालीको भौगोलिक परिवेश अनुकूल प्रयोगमा ल्याउने, सिक्दै सिकाउँदै कार्यक्रममार्फत कर्णालीका युवालाई थप अवसर प्रदान गर्ने र त्यहाँ फर्किएका जनशक्तिको सीपलाई प्रदेशको कृषि रूपान्तरणमा सदुपयोग गर्ने विषयमा कुराकानी भएको थियो ।

भेटका क्रममा राजदूत बासले कर्णाली प्रदेशको कृषि, खानेपानी, प्रविधि हस्तान्तरण तथा क्षमता विकासका क्षेत्रमा सहयोग र साझेदारी विस्तार गर्न आफू सदैव सकारात्मक रहेको धारणा व्यक्त गर्नुभयो । साथै, उक्त भेटमा सरकारी प्रणालीमार्फत, इजरायलमा केयरगिभरको रोजगारीको अवसर, जनस्तरको सम्बन्ध विस्तार, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तनका असर न्यूनीकरणमा प्रविधि आदानप्रदानका सम्भावनाबारेसमेत विमर्श भएको थियो ।

प्रमुख प्रशासकीय अधिकृत नियन्त्रणमा लिइएपछि पालिकाको काम प्रभावित

भक्तपुर (प्रस)– मध्यपुर थिमि नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोजराज घिमिरेलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले नियन्त्रणमा लिएपछि पालिकाको काममा केही दिनका लागि समस्या हुने भएको छ । नगरपालिकाका सूचना अधिकारी केशव सिलवालले लामो समयसम्म पालिकाको काममा अप्ठेरो नहुने बताए । नगरपालिकाबाट निस्किएको बागमती प्रदेश ०१-०३५ च २६८७ नम्बरको टाटा इभी कार निकोसेरास्थित अजिमा पेट्रोल पम्प नजिकै अख्तियारको टोलीले घिमिरेलाई नियन्त्रणमा लिएको थियो ।

कार जाँच गर्ने क्रममा शंकास्पद नगद रकम फेला परेपछि चालकसहित कारमा सवार भुवन ढुंगेल र उनकी श्रीमतीलाई अख्तियारले नियन्त्रणमा लिएको हो । उक्त कारबाट ३३ लाख रूपैयाँ बरामद भएको थियो । सो रकम प्रमुख प्रशासकीय अधिकृत घिमिरेले घुसबापत लिई व्यवस्थापनका लागि ढुंगेललाई दिएको अख्तियारको दावी छ ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०७/१८ गते

यस कम्पनीको मिति २०८३/०६/१५ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **प्यारााडाइज वेब प्रा.लि.**को नाम परिवर्तन गरी **शटरबग क्याफे प्रा.लि.(दर्ता नम्बर २३३१४५)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०६/२७ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

खयर काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०७/१८

जौखरे घोडाखरी सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट वरामद गरी पौवादुङमा गा.पा. वडा नं. २, तिवारीभञ्ज्याङ भोजपुरमा घाटगद्दि गरि राखिएको उत्तिस, कटुस, चिलाउने लगायत अन्य जातको गोलिया थान ७२१ को परिमाण ९४१.७२ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक वन पैदावारमा आधारित उद्योगहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ (**एकाइस**) **दिन** भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय, पौवादुङमा गा.पा. -२, भोजपुरको सूचना पाटीमा टाँस गरिएको छ ।

श्री जौखरे घोडाखरी सामुदायिक वन उपभोक्ता समूह
पौवादुङमा गा.पा. -२, भोजपुर
सम्पर्क नं. ९८११०७५७५८ (अध्यक्ष), ९८४२४४८२१७ (कोषाध्यक्ष)

बहराइनमा रोजगार

कम्पनी : SLINGTEK WLL

पूर्व स्वीकृति मिति : २०८३/०२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ | LT. No. 342990 | चलानी नं. ६०२५६३१३

सि.नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलव: BD	मासिक तलव: ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	General Worker/Factory Worker	12	0	100	४०,२११	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ कात्तिक २७ गते (13th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.
सामाखुसी-२६, काठमाडौं, फोन नं. : ४९५७७३४, ४९८१९२२, ४९८३९४४, गंगा तामाङ : ९८२३५२५२०४
Email: kailashmanpower@gmail.com, Web: www.kailashmanpower.com.np
श्रम इजाजत नं. ३१७/०५९/०६०

साउदीमा रोजगार

कम्पनी : ABDULRAZZAQ MUNAWWAR AL-HARBI & PARTNER TRADING TRANSPORTATION & INDUSTRY COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०६/२८ | LT. No. 349281 | चलानी नं. ६०२६२३७५

सि.नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलव: SR	मासिक तलव: ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Heavy Truck Driver	1	0	1800	७२,५३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ कात्तिक २५ बाट २९ गते सम्म (11th to 15th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००/-	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १९०/०५७/०५८
Nasser International Placement Services Pvt. Ltd.
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com

युएइमा रोजगार

कम्पनी : BLUE MOUNTAIN SERVICE

पूर्व स्वीकृति मिति : २०८२/०२/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ | LT. No.325396 | चलानी नं.६०२३९३५५

सि.नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलव: AED	मासिक तलव: ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaner General	5	4	800	३३,०४५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ कात्तिक २५ गते (11th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ACE RECRUITMENT Recruitment | Staffing | Consulting
Ace Recruitment Pvt. Ltd.
श्रम इजाजत नं. १६२६/०७९/०८०
Prakash Ashram Road, Near Int'l Airport, Kathmandu, Nepal, Tel: +977 1-5914502, 1-5914503, 9801316307, 9801316308
WhatsApp: +977 9801316307, Mail: cv.acenepal@gmail.com, jobs.acerecruitment@gmail.com, Web: www.acerecruitment.com.np

कतारमा रोजगार

कम्पनी : LA VILLA FACILITIES

पूर्व स्वीकृति मिति : २०८३/०७/१७ | LT. No. 350150 | चलानी नं. ६०२६३०२०

सि.नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलव: QR	मासिक तलव: ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Stonemason	0	1	1200	४९,९२९	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Plumber General	0	1	1500	६२,४१२							
3.	Cabinet Maker General	0	2	1500	६२,४१२							
4.	Cleaner	0	2	1200	४९,९२९							

कम्पनी : Crown Power Link Contracting & Cleaning

पूर्व स्वीकृति मिति : २०८२/०८/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ | LT. No. 334314 | चलानी नं.६०२४७८९९

सि.नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलव: QR	मासिक तलव: ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaners Male	2	0	1500	६२,४१२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ कात्तिक २५ गते (11th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९६/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६५/०८०/८१
ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

कुवेतमा रोजगारको अवसर

कम्पनी : EIGHTY BEAUTY SALOON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८२/०८/१६ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ | LT. No. 334596 | चलानी नं. ६०२४८२४५

सि.नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलव: KD	मासिक तलव: ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Car Driver	1	0	150	७३,०६६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Beautician Manicurist/pedicurist	0	3	150	७३,०६६							

कम्पनी : IL COVO RESTAURANT AND CAFE CO

पूर्व स्वीकृति मिति : २०८१/०९/०५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ | LT. No. 315579 | चलानी नं. ६०२२९९५६

सि.नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलव: KD	मासिक तलव: ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cashiers	3	3	150	७३,०६६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Waiter/Waitress	5	5	140	६८,१९५							
3.	Indoor Cleaners	5	5	110	५३,५८२							
4.	light vehicle driver	5	0	150	७३,०६६							
5.	Cook (Chef)	5	0	150	७३,०६६							

कम्पनी : SWEETY NATIONAL GENERAL CONTRACTING COMPANY FOR BUILDINGS

पूर्व स्वीकृति मिति : २०८१/०९/०५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ | LT. No. 334593 | चलानी नं. ६०२४८२४८

सि.नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलव: KD	मासिक तलव: ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners (Indoor)	0	15	100	४८,७११	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	OFFICE ASSISTANT	0	2	150	७३,०६६							

कम्पनी : POLISHED BEAUTY BAR LADIES SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०४/११ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ | LT. No. 324609 | चलानी नं. ६०२३८५७९

सि.नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलव: KD	मासिक तलव: ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Hair Dresser/hair Stylist	0	4	150	७३,०६६	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Cleaners Indoor (Female)	0	1	120	५८,४४७							
3.	Nail Artist	0	4	150	७३,०६६							
4.	Manicurist/pedicurist	0	4	150	७३,०६६							

कम्पनी : HINT SALON CO.FOR LADIES BEAUTY

पूर्व स्वीकृति मिति : २०८२/११/०५ | पुन: विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ | LT. No. 339132 | चलानी नं. ६०२५२६६०

सि.नं.	कामदारको पद	माग संख्या: पुरुष	माग संख्या: महिला	मासिक तलव: KD	मासिक तलव: ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaner (Hospital-indoor)	0	2	120	५८,४४७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2	Hair Dresser/hair Stylist	0	2	150	७३,०६६							
3	Light Drivers	2	0	150	७३,०६६							
4	Manicure/pedicure	0	3	150	७३,०६६							
5	Manicurist/nail Technician	0	3	150	७३,०६६							

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ कात्तिक २५ गते (11th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्था:	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००/-	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ ,(अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित) आ.व. २०८३/८४ को पहिलो त्रैमासिक प्रतिवेदन

Eastern Hydro Power Limited
Jwagal-10, Lalitpur, Nepal
Unaudited Financial Report (Quarterly)
Ist Quarter as on 31st Ashwin, 2083, F/Y 2083/84

Figure in NPR

Particulars	This Quarter Ending Ashwin 2083	Previous Quarter Ending Ashadh 2083	Corresponding perviuous year Quarter ending Ashwin 2082
Assets			
Non current Assets			
Property Plant and Equipment	477,116	484,032	486,109
Intangible Assets	952,028,645	964,282,320	1,001,043,345
Other Non Current Assets			-
Total Non Current Assets	**952,505,761**	**964,766,352**	**1,001,529,454**
Current Assets			
Financial Assets			
Trade & Other Receivables	80,005,104	59,072,425	90,481,935
Short Term Loans & Advances	7,999,416	7,460,462	37,112
Cash and Cash Equivalent	48,899,129	52,948,589	11,712,065
Other Current Assets	400,000	1,621,034	7,202
Total Current Assets	**137,303,650**	**121,102,510**	**102,238,315**
Total Assets	**1,089,809,411**	**1,085,868,862**	**1,103,767,769**
Equity and Liability Equity			
Share Capital	620,000,000	620,000,000	620,000,000
Reserve and Surplus	(125,180,355)	(146,155,759)	(149,975,190)
Total Equity	**494,819,645**	**473,844,241**	**470,024,810**
Liability			
Non Current Liabilities			
Financial Liabilities			
Loans and Borrowings (Long Terms)	545,820,503	559,979,903	587,960,327
Lease Liabilities	-	-	-
Total Non Current Liabilities	**545,820,503**	**559,979,903**	**587,960,327**
Financial Liabilities			
Loans and Borrowings (Short Term)	41,911,824	39,646,320	37,003,232
Trade and other Payables	4,034,154	8,028,937	3,488,733
Retention Liabilities	1,307,204	1,307,204	1,307,204
Other Current Liabilities	1,916,079	3,062,256	3,983,463
Total Current Liabilities	**49,169,262**	**52,044,717**	**45,782,632**
Total Liability	**594,989,765**	**612,024,620**	**633,742,959**
Total Equity and Liability	**1,089,809,411**	**1,085,868,862**	**1,103,767,769**

Unaudited Income Statement
For the period 1st Shrwan 2083 to 31st Ashwin, 2083

Particulars	This Quarter Ending Ashwin 2083	Previous Quarter Ending Ashadh 2083	Corresponding perviuous year Quarter ending Ashwin 2082
Revenue from operation	51,852,333	146,973,802	48,268,395
Cost of Sales	5,038,854	20,548,147	3,506,155
Gross Profit	**46,813,479**	**126,425,655**	**44,762,240**
Other Income	-	30,000	-
Expenses			
Employee Benefits	1,020,790	2,024,540	603,497
Administrative Expenses	1,119,824	3,924,071	621,174
IPO Issue Expenses	-	-	-
Depreciation and Amortization Expenses	12,260,591	49,042,363	12,279,260
Total Expenses	**14,401,205**	**54,990,974**	**13,503,931**
Profit Before Financial Cost, Bonus & Tax	32,412,274	71,464,681	31,258,309
Finance Cost	11,008,801	49,225,221	12,955,809
Profit Before Bonus & Tax	21,403,473	22,239,460	18,302,500
Staff Bonus	428,069	444,789	-
Profit Before Tax (PBT)	20,975,404	21,794,671	18,302,500
Income Tax Expenses	**-**	**-**	**-**
Profit for the Period	**20,975,404**	**21,794,671**	**18,302,500**

Notes: The figures are regrouped and rearranged where necessary. The Unaudited Financial figure are subject to change from external auditors and regulatory authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३,
(अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)
आ.व. २०८३/८४ को पहिलो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण

क. आ.व. २०८३/८४ को पहिलो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाव किताव मिती २०८३/०७/१८ गतेको प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित गरिनेछ ।

ख. उक्त वासलातको आधारमा कम्पनीको मुख्य वित्तिय अनुपात निम्नानुसार छन् ।

प्रति शेयर आम्दानी	३.३८	प्रति शेयर कूल सम्पत्तिको मूल्य	१७५.७८
प्रति शेयर नेटवर्थ	७९.८१	मूल्य आम्दानी अनुपात	९३.७०
तरलता अनुपात	२.७९		

२. व्यवस्थापकीय विश्लेषण :

यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा उल्लेखनिय परिवर्तन छैन । कम्पनीको व्यवसायिक योजना अनुरूप नै कार्यहरु हुदैछन् । यस त्रैमासिक अवधिमा विद्युत विक्रिबाट हुने आम्दानी सन्तोषजनक रहेको पाईएको छ ।

३. कानूनी कारबाही सम्बन्धी विवरण :

यस त्रैमासिकमा संस्थाले कसै विरूद्ध र कसैले संस्था विरूद्ध साथै संस्थापक र सञ्चालक विरूद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:

धितोपत्र बजारमा संस्थाको शेयर कारोवार निम्नानुसार सामान्य प्रकृति बाटै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको अधिकतम, न्युनतम, अन्तिम मुल्य कारोवार भएको कुल दिन तथा कारोवार संख्या स्टक एक्सचेन्ज लि. को वेवसाईट अनुसार:

अधिकतम मूल्य रू.	३८०.००	अन्तिम मूल्य रू.	३१७:००
न्यूनतम मूल्य रू.	२९५.००	कारोवार दिन	६१
कारोवार संख्या	४९६२		

५. समस्या तथा चुनौती :

संस्थाले बहन गर्नु परेको समस्यामा विद्युत विक्री मूल्य समायोजना हुन नसक्नु हो । विद्युत विक्री मूल्य समय समयमा बृद्धि हुँदा पनि साना खाले विद्युत आयोजनाको मूल्य समाहीत हुन नसक्नु यस क्षेत्रको चुनौती बनेको छ । आइपर्ने समस्या र चुनौती समाधानका उपायहरु बारे सञ्चालक समितिले समय समयमा समिक्षा गरि रणनीति बनाई सो को निराकरण गर्न खोजेको छ ।

६. संस्थागत सुशासन :

संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी वृत्ति विकास, आवस्यक कार्यकक्ष र सामाग्रिहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्षको उद्घोषण :

आजका मिती सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरु सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएको छैन ।

प्रभाव दैनिक

रूपशाला

बरिष्ठ संगीतकार अधिकारी अस्पताल भर्ना



वरिष्ठ संगीतकार सुरेश अधिकारी अस्पताल भर्ना भएका छन् । स्वास्थ्यमा अचानक समस्या देखिएपछि उनलाई सोमबार ललितपुरको कुपण्डोलस्थित आरूस लाइफस्टाइल अस्पतालमा भर्ना गरिएको हो । पेटमा असह्य पीडा भएपछि गीतकार संघ नेपालका महासचिव टीका राई 'शिव' लगायतले उनलाई तत्काल अस्पताल पुऱ्याएका थिए । उपचारका क्रममा उनको मिर्गौलामा तीनवटा पत्थरी देखिएको थियो । चिकित्सकको टोलीले सोमबार साँझ नै उनको शल्यक्रिया गरेको गीतकार सुमन बैरागी पण्डितले जानकारी दिए ।

बुधबार, १८ कात्तिक २०८३ (Wednesday, 04 November 2026)

अन्याय र अत्याचारको विरूद्धमा 'पाँच पाण्डव'को ट्रेलर



■ प्रभाव संवाददाता

काठमाडौं– चलचित्र 'पाँच पाण्डव'को ट्रेलर-२ सार्वजनिक भएको छ । निर्माण टिमले मंगलबार काठमाडौंमा एक कार्यक्रम गर्दै सिनेमाको दोस्रो ट्रेलर सार्वजनिक गरेको हो ।

ट्रेलरमा सिनेमाका मुख्य पात्रले आफ्नो भूमिका प्रस्ट पार्ने प्रयास गरेको देखिन्छ । ट्रेलरको केन्द्रमा हरिवंश आचार्य छन् । पूरै ट्रेलर उनकै वरपर घुम्छ ।

पृथ्वीमा रहेका आफ्ना भाइहरू दुखी रहेको भन्दै पृथ्वीलोकमा आइपुगेका युधिष्टिर उर्फ हरिवंश समस्यामा रहेका भाइहरूलाई त्यसबाट कसरी छुट्काारा दिलाउने भन्नेमा छन् । हरिवंश भीम, अर्जुन, सहदेव भन्दै नामाकरण गर्दै आफ्नो चार भाइ बनाइरहेका छन् । अनि जोजो समस्यामा छन्, उनीहरूलाई सहयोग गर्दै हिँडिरहेका छन् । अन्याय र विकृतिविरुद्ध उनी उभिएको देखिन्छ । अथवा समस्यामा परेकाहरूको उद्धारकमा रूपमा हरिवंश देखिएका छन् ।

छोटा कपडा लगाएर क्यासिनोमा युवती देखेर उनी आङ ढाकिदिन्छन् । सभ्य समाज निर्माण हुनुपर्छ भन्ने उनको उद्देश्य रहेको देखिन्छ । अन्याय, हिंसा र अत्याचारविरुद्ध पाँच भाइ मिलेर गरेको संघर्ष र विद्रोह ट्रेलरमा देखाइएको छ । सिनेमाको हुक लाइन नै यही रहेको ट्रेलरले संकेत गर्छ ।

यही कात्तिक २० गतेबाट प्रदर्शन हुने चलचित्रलाई बसन्त निरौलाले निर्देशन गरेका छन् । 'पाँच पाण्डव'मा हरिवंश आचार्य, महेश त्रिपाठी, जितु नेपाल, विनोद न्यौपाने, आर्यन सिक्देल, सुशील सिटौला, इभा गिरी, दीपाश्री निरौलालगायत कलाकार मुख्य भूमिकामा छन् ।

काली रानी फिल्मस्को ब्यानरमा निर्माण भइरहेको यस चलचित्रमा सरिता गिरी, विनोद न्यौपाने, रमा थपलिया, प्रशान्त ताम्राकार, सीता न्यौपाने, रितेश पौडेल (रितेशजंग खत्री)लगायतको पनि मुख्य भूमिका रहेको छ ।

यो चलचित्रका प्रस्तुतकर्ता नवीन श्रेष्ठ हुन् । उनले यसअघि गतवर्ष 'लाज शरणम्' निर्माण गरेका थिए । चलचित्रको निर्मातामा काली रानी श्रेष्ठ छिन् ।

'पाँच पाण्डव'मा कथा, पटकथा तथा संवाद सुशील पौडेलको रहेको छ । यो चलचित्र 'सोसल ड्रामा' भएको लेखक पौडेलले स्पष्ट पारेका छन् । उनका अनुसार चलचित्रले महाभारतका पाँच पाण्डवका चरित्र र बिम्बलाई प्रयोग गर्दै समकालीन नेपाली समाजको कथा प्रस्तुत गर्नेछ ।

यो चलचित्रलाई श्याम तामाङले खिचेका छन् । चलचित्रमा सुप्रिम पराजुलीको सम्पादन तथा फाइट डाइरेक्टरमा सम्राट बस्नेत छन् । गम्भीर विस्ट र विक्रम स्वाँरको कोरियोग्राफी रहेको छ । 'पाँच पाण्डव'मा दर्शकले पूरै साउन्ड डल्बी एटमस साउन्ड अनुभव गर्न पाउने छन् ।

चलचित्रमा अर्जुन पोखरेलको संगीत, उत्तम न्यौपानेको साउन्ड डिजाइन, सुजिल कर्माचार्यको बिजिएम, पुकार धिमालको भिएफएक्स, रोहित राज गौतम एचओपी र विष्णु बुढाथोकी प्रोडक्सन म्यानेजर रहेका छन् ।

चलचित्रको डिजिटल पार्टनर ओएसआर डिजिटल रहेको छ । यो चलचित्रलाई रोहित कट्टेल र रत्न श्रेष्ठको आरआर फिल्मसले देशव्यापी वितरण गर्नेछ ।

'मिस एण्ड मिसेज हेरिटेज २०२६'मा पूर्णिमा र सुनिताले नेपालको प्रतिनिधित्व गर्ने

■ प्रभाव संवाददाता

काठमाडौं– अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगिता 'मिसेस एन्ड मिस हेरिटेज २०२६'मा नेपालको प्रतिनिधित्व पूर्णिमा शाही ठकुरी र सुनिता आचार्यले गर्ने भएका छन् । थाइल्याण्डको बैंककमा यहि २० नोभेम्बरदेखि आयोजना हुने प्रतियोगीतामा पुर्णिमाले मिस र सुनिताले मिसेस तर्फको प्रतिनिधित्व गर्न लागेका हुन् ।

प्रतियोगीताका लागि नेपालको अधिकार प्राप्त संस्था ग्रीन आर्ट्स मिडियाले काठमाडौंको बत्तिसपुतली स्थित द स्ट् र्यान्ड लाउन्ज एक कार्यक्रम गर्दै पुर्णिमा र सुनितालाई प्रतियोगीको रूपमा सार्वजनिक गरेको हो ।

कार्यक्रममा मिडियाले २१ वर्षीया पूर्णिमा शाही ठकुरीलाई 'मिस हेरिटेज नेपाल २०२६' र ३३ वर्षीया सुनिता आचार्यलाई 'मिसेस हेरिटेज नेपाल २०२६'को ताज सहित कार्यक्रमका लागि आधिकारिकता प्रदान गरेको हो । कर्णाली प्रदेशकी हाल ब्याचलर इन बिजनेस स्टडिज (बीबीएस) अध्ययनरत पुर्णिमाले अन्तर्राष्ट्रिय प्रतियोगीतामा नेपालको नाम उच्च गरेर फर्किने बताइन् ।

कार्यक्रममा प्रतियोगीताको नेपाल निर्देशन, कोरियोग्राफर तथा पेजेन्ट निर्देशक अनिला श्रेष्ठले प्रतियोगीताका लागि दुबैको मेन्टरसिप मार्फत व्यक्तित्व विकास तथा आत्मविश्वास बढाउन महत्वपूर्ण भूमिका खेल्नेछिन् ।

अन्तर्राष्ट्रिय कोरियोग्राफर रोजिन शाक्य, चर्चित फोटोग्राफर महेश प्रधान, मिस इको इन्टरनेसनल नेपाल २०२६ तथा मिस इको इन्टरनेसनलको टप १० फाइनलिस्ट सेजल राजभण्डारीलगायतको उपस्थिती रहेको कार्यक्रममा ग्रीन आर्ट्स मिडिया प्रालिका प्रमुख कार्यकारी अधिकृत प्रविन प्रसाद लाकौलले दुवै विजेताहरूले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको सांस्कृतिक सम्पदा, सौन्दर्य र प्रतिभा प्रदर्शन गर्दै नेपालको नाम उच्च राख्ने विश्वास व्यक्त गरे ।



रंगशाला

एनपिएल क्रिकेट

लुम्बिनी बन्यो एकमात्र अपराजित टिम

आज एनपिएलका कुनै खेल नहुने



■ प्रभाव संवाददाता

काठमाडौं– राजधानीमा जारी तेस्रो नेपाल प्रिमियर लिग (एनपिएल)मा आज (बुधबार) कुनै पनि खेल नहुने भएका छन् । एनपिएलमा बिहीबार दुई खेल हुनेछन् । पहिलो खेलमा जनकपुर बोल्ट्सले लुम्बिनी लायन्सको सामना गर्नेछ भने दोस्रो खेलमा विराटनगर किङ्सले काठमाडौं गोर्खाजको सामना गर्नेछ ।

लुम्बिनीको फराकिलो जित

मंगलबार सम्पन्न दोस्रो खेलमा साविक विजेता लुम्बिनी लायन्सले पोखरा एभेञ्जर्सलाई पराजित गर्दै लिगमा एकमात्र अपराजित टिम बनेको छ । दोस्रो जित दर्ता गर्ने क्रममा लुम्बिनीले मंगलबार पोखरा एभेन्जर्सलाई ८ विकेटले हराएको हो ।

पोखराले दिएको ९८ रनको झिनो लक्ष्य लुम्बिनीले ११.४ ओभरमा दुई विकेट गुमाएर पूरा गऱ्यो । लुम्बिनीका लागि अविजित रहेका कप्तान रोहितकुमार पौडेलले ४७ र निरोशन डिकवेलाले २७ रन बनाए । यस्तै, डार्सी सर्टले १३ रन जोडे ।

बलिङतर्फ पोखराका लागि विपिन खत्रीले एक विकेट लिए । त्यसअघि कीर्तिपुरस्थित त्रिभुवन अन्तरराष्ट्रिय क्रिकेट मैदानमा टस हारेर ब्याटिङको गरेको पोखराले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर ९७ रन बनायो । पोखराका लागि चमिका करुणारत्नेले २५, कप्तान कुशल भुर्तेलले १४, मेहदी हसनले १३ र किरण ठगुन्नाले १२ रन जोडे । बलिङतर्फ लुम्बिनीका लागि रुबेन ट्रम्पलम्यानले ३, तिलक भण्डारीले २ तथा शेर मल्ल, अभिषेश गौतम र कप्तान रोहितकुमार पौडेलले एक एक विकेट लिए ।

विराटनगरको रोमाञ्चक जित

विराटनगर किंग्सले नेपाल प्रिमियर लिग (एनपीएल) मा जनकपुर बोल्ट्समाथि २ रनको रोमाञ्चक जित निकालेको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा मंगलबार भएको रोमाञ्चक खेलमा १७५ रनको लक्ष्य पछ्याएको जनकपुरले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १७२ रन मात्रै बनाउन सक्यो। विराटनगरको यो लगातार दोस्रो जित हो । यसअघि सुदूरपश्चिम रोयल्सलाई ३५ रनले पराजित गरेको थियो । जनकपुरको भने दुई खेलको अपराजित यात्रामा पूर्णविराम लागेको छ । पहिलो खेलमा कर्णाली याक्ससँग १९ रनको हार बेहोरेको जनकपुरले त्यसपछि काठमाडौं गोर्खाजलाई ८ विकेट र पोखरा एभेन्जर्सलाई ९ रनले हराएको थियो ।

अन्तिम ओभरसम्म प्रतिस्पर्धात्मक बनेको खेलमा जनकपुर जितनजिक पुगेर पनि लक्ष्य भेट्टाउन असफल भयो । विराटनगरको जितमा आन्द्रे रसेल नायक बने । उनले ब्याटिङमा अविजित अर्धशतक बनाउनुका साथै बलिङमा चार विकेट लिए ।

जनकपुरका सैफ हसनले उत्कृष्ट ब्याटिङ गर्दै सर्वाधिक ७१ रन बनाए । उनले ४८ बलमा २ चौका र ५ छक्का प्रहार गरे। त्यस्तै, विशाल शुश्लिङले ३० बलमा २ चौका र ३ छक्कासहित ४३ रन जोडे । जिम्मी निसम २७ रनमा आउट हुँदा अभिषेक तिवारी ५ रनमा अविजित रहे । जनकपुरका अन्य ब्याटरले भने उल्लेख्य योगदान दिन सकेनन् । मोइन अली १०, त्रितराज दास ६, अनिल साह शून्य र कप्तान हरमित सिंह पनि शून्यमै आउट भए ।

जनकपुरको इनिङ्स सम्हाल्ने क्रममा सैफ र विशालले चौथो विकेटका लागि ७६ रनको साझेदारी गरेका थिए। १०६ रनमा विशाल आउट भएपछि जनकपुरले थप दबाब सामना गर्नुपरेको थियो । त्यसपछि निसमले आक्रामक ब्याटिङ गर्दै टोलीलाई लक्ष्यनजिक पुऱ्याए पनि जित दिलाउन सकेनन् ।

विराटनगरका रसेलले ४ ओभरमा ४५ रन खर्चेर ४ विकेट लिए । एन्जेलो म्याथ्युजले ३ ओभरमा २५ रन दिएर २ विकेट हात पारे । रूपेश सिंहले एक विकेट लिए ।

यू-१९ महिला विश्वकप 'बेल्ट एण्ड रोड'

नेपालको विशाल जित

■ प्रभाव संवाददाता

काठमाडौं– नेपालले यू-१९ महिला विश्वकप 'बेल्ट एन्ड रोड' सिरिजमा थाइल्याण्डलाई ७ विकेटले पराजित गर्दै विजयी सुरुआत गरेको छ ।

थाइल्याण्डले दिएको ३६ रनको सामान्य लक्ष्य नेपालले ९ ओभरमा ३ विकेट गुमाएर पूरा गऱ्यो । नेपालकी सना प्रविनले सर्वाधिक १५ रन बनाइन् । टीका शाहले ९ बलमा अविजित १२ रन जोडिन् । पसोनी पाखिनले ५ रन बनाउँदा सबित्री धामी खाता नखोली आउट भइन् ।

त्यसअघि टस जितेर ब्याटिङ गरेको थाइल्याण्ड १४.३ ओभरमा ३५ रनमा समेटिएको थियो ।

थाइल्यान्डकी पी दाराजारोएनले सर्वाधिक ९ रन बनाइन् । पी साओवारोडले अविजित ७ तथा के खाडपाना प्राइसनले ५ रन जोडिन् । नेपालका टीका शाह, रचना चौधरी, एमके उपाध्याय र रिया शर्माले समान २ विकेट लिए ।

निर्माण थालिएको १० वर्षमा पनि बनेन क्रिकेट मैदान

महेन्द्रनगर (प्रस)– कञ्चनपुरको महेन्द्रनगरस्थित कवर्डहल परिसरमा विसं २०७२ मा क्रिकेट मैदान निर्माण सुरु भए पनि अझै पूरा हुन सकेको छैन ।

महेन्द्रनगरबाट राष्ट्रियस्तरमा चर्चित खेलाडी दीपेन्द्रसिंह ऐरीदेखि दर्जनभन्दा बढी खेलाडी उत्पादन भए पनि खेलाडीले अझै यहाँ खेल पूर्वाधार भने पाउन नसकेको कञ्चनपुर जिल्ला क्रिकेट संघका अध्यक्ष वीरेन्द्रबहादुर चन्दले बताए ।

एक वर्षभित्र निर्माण पूरा गर्नुपर्ने क्रिकेट मैदान रकम अभावकै कारण एक दशकपार गर्दा पनि बन्न नसकेको उनले बताए । 'निर्माण थालिए यता विभिन्न समयमा गरेर रु डेढ लाख बजेट आए पनि मैदानमा माटो भरानमै सकियो ।' अध्यक्ष चन्दले भने, 'यो पटक भने राष्ट्रिय खेलकुद परिषद्ले रु तीन करोड बजेट विनियोजन गरेर ठेक्का आह्वानको प्रक्रियामा छ ।'

दीपेन्द्रसिंह ऐरी, विनोद भण्डारी, भीम सार्की, सन्दी पजोरा लगायतका खेलाडीहरूको गृहनगर महेन्द्रनगरमा खेल संरचना बन्ने आशामा वर्षौं कुर्नुपरेको छ । 'तीन करोडको ठेक्का भएर काम थालेपछि अर्को वर्षदेखि नै हाम्रो खेलाडीले क्रिकेट मैदानमा खेल्न र प्रतियोगिता सञ्चालन गर्न सक्ने हुन्छ', अध्यक्ष चन्दले भने, 'क्रिकेट मैदानका लागि जिल्ला खेलकुद समितिको गुरुयोजनाअनुसार नै अघि बढेका छौं ।'

उनले निर्माणाधीन क्रिकेट मैदानको जमिनमा माटो भरानमै रकम खर्च भएको बताए । 'बजेट आएको भए उहिल्यै मैदान बनिसक्थ्यो ।' चन्दले भने, 'कञ्चनपुरसँगै सुदूरपश्चिममै क्रिकेटको गतिलो पूर्वाधार नरहेको अवस्था छ ।' पछिल्लो समय क्रिकेट प्रतिको आकर्षण बढिरहेका बेला संघ र प्रदेश सरकारले त्यसमा लगानी गर्नुपर्ने जिल्ला खेलकुद समितिका अध्यक्ष ज्ञानेन्द्रबहादुर सिंहको भनाइ छ ।

'जारी एनपीएलमा कञ्चनपुरका मात्रै १३ जना खेलाडी विभिन्न टिमबाट खेल्दैछन्', अध्यक्ष सिंहले भने, 'हरेक राष्ट्रिय तथा क्रिकेट संस्करणमा हाम्रा खेलाडीको उपस्थितिले कञ्चनपुर क्रिकेटको प्रतिभावान् खेलाडी जन्माउने जिल्लाका रूपमा परिचित छ भन्ने देखाउँछ ।' उनले कञ्चनपुरमा क्रिकेटलगायत खेल पूर्वाधार निर्माणमा राज्यको प्राथमिकतामा पर्नुपर्नेमा जोड दिए । 'प्रदेश सरकारको लगानीमा बहुउद्देश्यीय कर्वडहल पनि बन्दै छ ।' सिंहले भने, 'वृहत छैटौं राष्ट्रिय खेलकुद हुँदा यहाँ क्रिकेट पिचबाहेक क्रिकेट खेलका अरु संरचना बन्न सकेनन् ।'



संयुक्त राज्य अमेरिकाको न्युयोर्कमा रहेको 'टिल्स सेन्टर फर द परफर्मिङ आर्ट्स'मा प्रस्तुति दिँदै सांघाई ब्यालेटका सदस्यहरू । *तस्बिरः रासस*

युद्धविरामपछि युक्रेनमा रूसी आक्रमण तीव्र

किएभ– स्थानीय युद्धविराम समाप्त भएको केही घण्टापछि रुसले युक्रेनका विभिन्न क्षेत्रमा आक्रमण गर्दा दर्जनौं मानिसको मृत्यु भएको छ । खार्किभमा स्वास्थ्य संस्था प्रभावित भएपछि करिब २०० बिरामीलाई अन्यत्र सार्नुपरेको युक्रेनी अधिकारीहरूले बताएका छन् ।

सन् २०२२ फेब्रुअरीमा युद्ध सुरु भएयता भएको सबैभन्दा लामो युद्धविराम आइतबार दक्षिणी खेरसन क्षेत्रमा समाप्त भएको थियो । त्यसबाट रुसी नियन्त्रणमा रहेको ओलेस्कीमा मानवीय सहायता अभियान सञ्चालन गर्न सम्भव भएको थियो ।

युद्धविराम सकिएपछि जापोरिज्जिया क्षेत्रमा भएको रुसी आक्रमणमा मृत्यु हुनेको संख्या २९ पुगेको अधिकारीहरूले बताएका छन् । क्षेत्रीय सैन्य प्रशासनका प्रमुख इभान फेडोरोभले मानवीय सहायता लिन आएका मानिसलाई रुसले लक्षित गरेको आरोप लगाएका छन् । आक्रमणमा दुई उद्धारकर्मी र चार प्रहरी अधिकारीसमेत मारिएको कार्यवाहक गभर्नर मिखाइलो सेमिकिनले बताए ।

खार्किभमा रुसी आक्रमणबाट २५ जना घाइते भएका र करिब २०० बिरामीलाई सुरक्षित स्थानमा सार्नुपरेको क्षेत्रीय सैन्य प्रशासनका प्रमुख ओलेग सिनेगुबोभले बताए । आक्रमणमा भवन, झ्याल र सवारीसाधनमासमेत क्षति पुगेको छ । युक्रेनी सेनाले खार्किभ, किएभ, डिनिप्रो र सुमीलगायत क्षेत्रमा ब्यालिस्टिक क्षेप्यास्त्र आक्रमणको चेतावनी दिएको छ । डिनिप्रो र राष्ट्रपति भोलोदिमर जेलेन्स्कीको गृहनगर क्रिभी रिहका महत्त्वपूर्ण पूर्वाधारमा पनि क्षति पुगेको जनाइएको छ ।

रुसको रक्षा मन्त्रालयले युक्रेनका ऊर्जा संरचना र ओडेसा क्षेत्रका बन्दरगाहलाई लक्षित गरी ठूलो आक्रमण गरेको जनाएको छ । पोल्याण्डले आफ्नो हवाई क्षेत्रको सुरक्षाका लागि, विशेषगरी युक्रेनसँगको सीमावर्ती क्षेत्रमा, हवाई सुरक्षा प्रणाली सक्रिय पारेको छ ।


यसैबीच, बेलायत र फ्रान्सले १० युरोपेली देशका करिब दुई हजार ८०० सैनिक सहभागी हुने सैन्य अभ्यास यसै महिना पोल्याण्डमा गर्ने घोषणा गरेका छन् । नयाँ बहुराष्ट्रिय बलको पहिलो अभ्यासका रूपमा हुने उक्त गतिविधि आक्रामक उद्देश्यका लागि नभएको र युद्धविराममा सहमति भएपछि मात्र बल तैनाथ गरिने जनाइएको छ ।

अमेरिकी विशेष दूत स्टिभ विटकफले रुस-युक्रेनबीच अमेरिकी नेतृत्वमा भइरहेको वार्ता आगामी साता पुनः सुरु हुने बताएका छन् । राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्ध अन्त्यका लागि दबाब दिए पनि ठोस सफलता प्राप्त हुन सकेको छैन ।

अमेरिकी प्रथम महिला मेलानिया ट्रम्पको मध्यस्थतामा भएको युद्धविरामले ओलेस्कीका मानिसलाई युक्रेनको नियन्त्रणमा रहेको क्षेत्र र रुसले आफ्नो भूभागमा गाभेको क्रिमियातर्फ सार्न सहयोग गरेको थियो । तर, रुसले युद्धविराम विस्तार गर्ने युक्रेनको प्रस्ताव अस्वीकार गरेको एक वरिष्ठ युक्रेनी अधिकारीले एएफपीलाई बताएका छन् ।

युक्रेनी सेनाले युद्धविरामको समय रुसले आफ्नो सैन्य स्थिति बलियो बनाउन प्रयोग गरेको आरोप लगाएको छ । क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले युद्धविरामका बेला सैन्य पुनःसमूहबद्धीकरण सामान्य अभ्यास भएको र युक्रेनी सेनाले पनि विगतमा त्यस्तै गरेको बताए । उनले ओलेस्कीको मानवीय सहायता अभियानमा रुसी मानवअधिकार आयुक्त याना लान्ट्राटोभा र युक्रेनी समकक्षी दमित्रो लुबिनेट्सबीच भएको सहकार्यको प्रशंसा गरे । क्रेमलिनले तत्काल अर्को यस्तै अभियान सञ्चालन गर्ने योजना नरहेको जनाएको छ । *रासस/एएफपी*

अमेरिकी मध्यावधि निर्वाचनमा कंग्रेसको बहुमतका लागि कडा प्रतिस्पर्धा



वासिङ्टन– अमेरिकी कंग्रेसका दुवै सदनमा बहुमत कायम गर्ने प्रतिस्पर्धाबीच मतदाताले मंगलबार मध्यावधि निर्वाचनमा मतदान गर्दै छन् । राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकालमा प्रमुख राज्यहरूको राजनीतिक दिशा निर्धारण गर्ने गभर्नर पदका प्रतिस्पर्धालाई पनि महत्त्वका साथ हेरिएको छ ।

रिपब्लिकनहरू आफ्नो बहुमत जोगाउने प्रयासमा छन् भने डेमोक्रेटिक पार्टीका उम्मेदवारहरू टेक्सास, जर्जिया, मिशिगन र मेनलगायत राज्यमा सिनेटका महत्त्वपूर्ण सिट जित्ने रणनीतिमा छन् । खुला सिट र कडा प्रतिस्पर्धाका कारण नौ राज्यको निर्वाचन विशेष चासोमा परेको छ ।

टेक्सासमा रिपब्लिकन केन प्याक्सटन र डेमोक्रेटिक पार्टीका जेम्स तालारिकोबीच सिनेटका लागि प्रतिस्पर्धा छ । यसै राज्यमा रिपब्लिकन गभर्नर ग्रेग एबट चौथो कार्यकालका लागि डेमोक्रेटिक पार्टीकी गिना हिनोजोसासँग प्रतिस्पर्धा गर्दै छन् । सन् १९८८ यता टेक्सासबाट कुनै डेमोक्रेटिक उम्मेदवार सिनेटमा निर्वाचित भएका छैनन् ।

ओहायोमा पूर्वडेमोक्रेटिक सिनेटर सेरोड ब्राउनले रिपब्लिकन जोन हस्टेडलाई चुनौती दिएका छन् । गभर्नर पदका लागि रिपब्लिकन विवेक रामास्वामी र डेमोक्रेटिक पार्टीकी एमी एक्टन प्रतिस्पर्धामा छिन् । मिशिगनमा सिनेटको रिक्त सिटका लागि रिपब्लिकन माइक रोजर्स र डेमोक्रेटिक पार्टीका अब्दुल एल-सायेदबीच प्रतिस्पर्धा छ । एल-सायेदलाई मुस्लिम ब्रदरहुडसँग जोड्ने आरोपको उनले खण्डन गरेका छन् । गभर्नर पदमा डेमोक्रेटिक पार्टीकी जोसलीन बेन्सन र रिपब्लिकन जोन जेम्स भिड्दै छन् ।

जर्जियामा डेमोक्रेटिक सिनेटर जोन ओसोफले रिपब्लिकन माइक कोलिन्ससँग आफ्नो सिट जोगाउने प्रयास गर्दै छन् । गभर्नर पदमा रिपब्लिकन रिक ज्याक्सन र डेमोक्रेटिक पार्टीकी केइशा ल्यान्स बटम्सबीच प्रतिस्पर्धा छ । आयोवामा सिनेटका लागि रिपब्लिकन एश्ले हिन्सन र डेमोक्रेटिक पार्टीका जोश टुरेक तथा गभर्नर पदमा डेमोक्रेटिक पार्टीका रोब स्याण्ड र रिपब्लिकन ज्याक लान प्रतिस्पर्धामा छन् ।

विस्कन्सिनमा गभर्नर पदका लागि रिपब्लिकन टम टिफनी र डेमोक्रेटिक पार्टीका डेभिड क्राउलीबीच प्रतिस्पर्धा छ । नेभाडामा रिपब्लिकन गभर्नर जो लोम्बार्डो दोस्रो कार्यकालका लागि डेमोक्रेटिक पार्टीका आरोन फोर्डसँग भिड्दै छन् । मेनमा रिपब्लिकन सिनेटर सुसान कोलिन्स र डेमोक्रेटिक पार्टीका ट्रोय ज्याक्सन प्रतिस्पर्धामा छन् भने फ्लोरिडामा गभर्नर पदका लागि रिपब्लिकन बायरन डोनाल्ड्स र डेमोक्रेटिक पार्टीका डेभिड जोली तथा सिनेटका लागि रिपब्लिकन एश्ले मूडी र डेमोक्रेटिक पार्टीकी एन्जी निक्सनबीच प्रतिस्पर्धा छ । यी राज्यका सिनेट र गभर्नर पदका परिणामसँगै प्रतिनिधिसभाका निर्वाचनले पनि अमेरिकी कंग्रेसमा शक्ति सन्तुलन निर्धारण गर्ने अपेक्षा गरिएको छ । *रासस/एएनआई*

मतपत्र अलग राख्ने ट्रम्प प्रशासनको प्रयास अस्वीकार

वासिङ्टन– अमेरिकाको सर्वोच्च अदालतले क्यालिफोर्नियामा हजारौं मतपत्र अलग राख्न बाध्य पार्ने राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनको प्रयासलाई सोमबार अस्वीकार गरेको छ ।

संघीय सरकारले गैरनागरिक भएको दाबी गरेका मतदातासँग सम्बन्धित मुद्दामा अदालतले हस्तक्षेप गर्न अस्वीकार गरेको हो । मध्यावधि निर्वाचनको मतदानको अन्तिम दिनअघि आएको यो निर्णय प्रशासनका लागि अर्को कानुनी धक्का बनेको छ ।

रिपब्लिकन प्रशासनले क्यालिफोर्नियाको मतदाता सूचीमा सम्भावित गैरनागरिकका रूपमा २० हजार मानिसलाई पहिचान गरेको थियो । तर, राज्यका अधिकारीहरूले उक्त सूचीमा त्रुटि रहेको र मतपत्र अलग राख्दा कानुनी मतदातासमेत मताधिकारबाट वञ्चित हुन सक्ने बताएका छन् । सर्वोच्च अदालतका कुनै पनि न्यायाधीशले निर्णयप्रति सार्वजनिकरूपमा असहमति जनाएनन् ।

यसअघि तल्लो अदालतहरूले पनि प्रशासनको माग अस्वीकार गरेका थिए । क्यालिफोर्नियाका महान्यायाधिवक्ता रोब बोन्टाका अनुसार जिल्ला अदालतदेखि सर्वोच्च अदालतसम्म प्रशासनको प्रयास चारपटक असफल भएको छ ।

अमेरिकामा गैरनागरिकले मतदान गर्ने घटना दुर्लभ भए पनि ट्रम्प प्रशासनले यस वर्ष त्यस्ता मतदाताको पहिचानलाई प्राथमिकता दिएको छ । न्याय मन्त्रालयको तथ्यांकमा व्यापक त्रुटि रहेको विषयमा पनि प्रश्न उठेको छ । संघीय अभियोजक बिल एसेलीले सूचीमा रहेका व्यक्ति मतदानका लागि अयोग्य रहेको दाबी गरे पनि त्यसमा त्रुटि हुन सक्ने सम्भावना स्वीकार गरिएको थियो ।

यसैबीच, संघीय जिल्ला अदालतकी न्यायाधीश ट्रिना थम्पसनले न्याय मन्त्रालयलाई गैरनागरिक सूचीसँग सम्बन्धित आपराधिक अनुसन्धान वा अभियोजन अघि बढाउनुअघि सम्बन्धित पक्षलाई जानकारी दिनुपर्ने आदेश विस्तार गरेकी छन् । मुख्य न्यायाधीश जेम्स बोसबर्गले पनि प्रशासनको निर्वाचनसम्बन्धी कदमले अमेरिकी संविधान उल्लंघन गरेको हुनसक्ने बताका थिए ।

क्यालिफोर्नियामा अक्टोबरको सुरुदेखि मतदान भइरहेको छ । एसोसिएटेड प्रेसका अनुसार राज्यका करिब दुई करोड ३० लाख दर्ता भएका मतदातालाई मतपत्र पठाइएकामा ६० लाखभन्दा बढी फिर्ता भइसकेका छन् । निर्वाचन अधिकारीहरूले अब विवादित मतपत्र पहिचान गरी अलग राख्न व्यावहारिकरूपमा असम्भव हुने बताएका छन् ।

जिल्ला अदालतले मतपत्र अलग राख्दा निर्वाचन प्रक्रियामा गम्भीर अव्यवस्था उत्पन्न हुने चेतावनी दिएको थियो । दुई-एक मतले पुनरवेदन अदालतले पनि राज्यको पक्षमा निर्णयलाई समर्थन गरेको थियो । यसअघि सर्वोच्च अदालतले सेप्टेम्बरमा हुलाकमार्फत मतदान गर्ने व्यवस्थामा प्रतिबन्ध लगाउने ट्रम्पको प्रयाससमेत अस्वीकार गरेको थियो । *रासस/एपी*

व्यापक सरकार गठन गर्न नेतान्याहु तयार, अरब दलसँग गठबन्धन अस्वीकार

जेरुसेलम– इजरायलका प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुले व्यापक राष्ट्रिय सरकार गठन गर्न तयार रहेको बताएका छन् । तर, अरब नेतृत्वका दलको समर्थनमा निर्भर सरकार स्वीकार नगर्ने उनले स्पष्ट पारेका छन् ।

सामाजिक सञ्जाल एक्समार्फत धारणा सार्वजनिक गर्दै उनले राम र जोइन्ट लिस्टमा निर्भर सरकार इजरायली जनताले नचाहेको दाबी गरे । आफ्नो लिकुड पार्टी सबैभन्दा ठूलो दल बनेको उल्लेख गर्दै उनले अर्को सरकारको नेतृत्व गर्ने जनादेश प्राप्त भएको बताए ।

वैकल्पिक सरकार गठनको प्रयास भइरहेका बेला इजरायल बेतेनुका नेता अभिग्डोर लिबरम्यानले नेतान्याहु नेतृत्वको गठबन्धनमा सहभागी नहुने बताएका छन् । उनले याशर पार्टीका नेता गदी आइसेनकोटलाई प्रधानमन्त्रीका रूपमा अघि सार्दै राष्ट्रपति आइज्याक हर्जोगसमक्ष सिफारिस गर्ने र नेसेट सभामुखमा यायर लापिडलाई समर्थन गर्ने जनाएका छन् ।

लिबरम्यानले आइसेनकोटको चुनावी अभियानको आलोचना गर्दै विपक्षी समूहले अपेक्षाभन्दा कम ४८ सिट प्राप्त गरेको बताए । उनले नेतान्याहुसँगको एकता सरकारमा कुनै पनि अवस्थामा सहभागी नहुने स्पष्ट पारे । पूर्वप्रधानमन्त्री नफ्ताली बेनेटको 'बी याचड' समूहले भने आइसेनकोटको सरकार गठन प्रयासलाई समर्थन गरेको छ ।

१२० सदस्यीय नेसेटमा विपक्षी समूहले ६७ र वर्तमान गठबन्धनले ५३ सिट जितेका छन् । तर, अरब नेतृत्वका दलको समर्थनबिना विपक्षीलाई सरकार गठन गर्न कठिन देखिएको छ ।

राष्ट्रपति हर्जोगले अर्को निर्वाचन रोक्न राजनीतिक दललाई लचकता अपनाउँदै सहमति खोज्न आग्रह गरेका छन् । उनले नोभेम्बर ४ मा आधिकारिक निर्वाचन परिणाम प्राप्त गरेपछि दलका प्रतिनिधिसँग परामर्श गर्ने र नवनिर्वाचित नेसेट सदस्यहरूले नोभेम्बर १० मा शपथ लिने कार्यक्रम छ । *रासस/एएनआई*

मलेसियामा रोजगार कम्पनी : SOUTHERN REALTY SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०७/११ | LT. No. 349863 | चलानी नं. ६०२६३००१

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	(FACTORY/GENERAL) WORKER	8	0	1700	६३,२९४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २५ गते (11th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ०८५/०५३/०५४

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Kathmandu-4, Maharajgunj, Lamatangin Marg 44600, Nepal Tel.: +977-1-4985474/4985586
E-mail: info@itlrecruitmentnepal.com Website: www.itlrecruitmentnepal.com

युएइमा रोजगार कम्पनी : AL MAWARID ALTHAKI RECRUITMENT CO.

पूर्व स्वीकृति मिति : २०८१/१२/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ | LT. No. 320485 | चलानी नं. ६०२३४७४६

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब AED	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Typist	123	0	1200	४९,५६७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २५ गते (11th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २३०८/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1149/073/074

दैलेख ओभरसिज प्रा.लि.
बसुन्धारा, चक्रपथ, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४३८०१२१, ४३६२७१२
ई-मेल : everestnepal.hr@gmail.com, everestnepalglobalrecruitment@gmail.com

साइप्रसमा रोजगार कम्पनी : E.C.IIIUMINATE LIC NO.481

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ | LT. No. 342187 | चलानी नं.६०२५५४१४

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब EUR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Laburer	1	0	650	१,१०,५५०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २५ गते (11th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	१०,०००/-	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1798/082/83

R.D. HUMAN RESOURCE PVT.LTD.
Ratopul-9, Rudreshwor Marg, Kathmandu, Nepal, Contact: +977-01-4533915, 5924815,
Shyam Kaji Tamang: 9851086813, E-mail : rdhumanresourcesnp@gmail.com, Web : www.rdhr.com.np

मलेसियामा रोजगार कम्पनी : SHB MALAYSIA AUTOMOTIVE APPLIANCE SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०३/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ | LT. No. 344115 | चलानी नं. ६०२५७४२७

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब RM	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	General Worker/Factory Worker	1	0	1700	६३,२९४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २५ गते (11th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९६/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R.K.H.R. SOLUTION PVT.LTD.
KMC-9, Gaushala, Kathmandu, Nepal, Tel : +977-5912861, Mob: 9801820670, 9855049438, E-mail : rkhrsolution2022@gmail.com
Govt. License 1565/079/80

साउदीमा रोजगार कम्पनी : Abdullah Rashid Mohammed Al-Maadi Transport Est.

पूर्व स्वीकृति मिति : २०८३/०४/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०७/१७ | LT. No. 345470 | चलानी नं. ६०२५८७३९

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Heavy Truck Driver	1	0	2500	१,००,७४३	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ कात्तिक २५ गते (11th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु २५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1336/074/075

Sulav Recruitment Pvt.Ltd.
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Baburam Dahal 9803123205
Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

कुवेतमा रोजगार कम्पनी : TAIWAN MEN'S HEALTH SPA INSTITUTE COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०७/१६ | LT. No. 347041 | चलानी नं. ६०२६२९९०

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब KD	मासिक तलब ने.रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Massage Therapist	7	0	150	७३,०६०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ कात्तिक २५ गते (11th Nov. 2026) मा हुनेछ ।

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने	रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने	स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ)	कल्याणकारी कोष सम्बन्धी व्यवस्थाः	सेवा शुल्क	अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने
कामदार आफैं	दिने	कामदार आफैंले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु.२५९५/- कामदारले तिर्ने	रु. १,५००/- कामदार आफैंले	नि:शुल्क	रु.७००/- कामदार आफैंले	रोजगारदाता कम्पनीले

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १९४८/०८२/०८३

Venus Recruitment Services Pvt Ltd
Sinamangal-9, Kathmandu, Nepal
Phone No. +977-1-5927521, E-mail : vrs.nepal@gmail.com, info@venusrecruitment.com.np

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

अर्थ बजार

आजको मूल्य

छापावाला सुन	तेजाबी सुन	चाँदी
प्रति तोला -	प्रति तोला -	प्रति तोला -
२,७५,०००	०	३,६७५



किवी फार्मको तयारी | मकवानपुरको भीमफेदी गाउँपालिका- ५ स्थित सुपिङमा किवी खेतीका लागि फार्म तयार गर्दै किसान ।
तस्विर: वासुदेव पौडेल/रासस

मुस्ताङमा १० महिनामा भित्रिए दुई लाख ८५ हजार पर्यटक

■ प्रभाव संवाददाता

मुस्ताङ– सन् २०२६ को दश महिनामा दुई लाख ८५ हजार ६१६ जना विदेशी पर्यटकले मुस्ताङ जिल्लाको भ्रमण गरेका छन् ।

जनवरीदेखि अक्टोबरसम्म सार्क राष्ट्रतर्फ दुई लाख ६२ हजार १२ जना र अन्य राष्ट्रतर्फ २८ हजार २७५ जनाले मुस्ताङ जिल्लाको भ्रमण गरेको राष्ट्रिय प्रकृति संरक्षण कोष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), जोमसोमले जनाएको छ ।

सन् २०२५ को जनवरीदेखि डिसेम्बरसम्ममा एक लाख ६१ हजार १४१ जना सार्क तथा अन्य राष्ट्रका विदेशी पर्यटकले मुस्ताङ जिल्लाको भ्रमण गरेकामा सन् २०२६ को दश महिनामा ७७.६२ प्रतिशतले पर्यटकको संख्या वृद्धि भएको हो ।

एक्याप कार्यालयका प्रमुख राजेश गुप्तका अनुसार सन् २०२५ को तुलनामा सन् २०२६ को दुई महिना बाँकी रहँदा एक लाख २३ हजार ४७५ जना विदेशी पर्यटकको संख्या वृद्धि भएको जानकारी दिए ।

एक्याप जोमसोमको पर्यटक तथ्यांकअनुसार सन् २०२६ को दश महिना अवधिमा गत वर्षको भन्दा सार्क राष्ट्रतर्फ ९७ प्रतिशतले विदेशी पर्यटकको संख्या वृद्धि भएको छ । गुप्तका अनुसार अघिल्लो वर्षको तुलनामा यसवर्षको दुई महिना बाँकी रहँदा सार्क राष्ट्रतर्फ एक लाख २९ हजार १४६ जना विदेशी पर्यटक वृद्धि भएको हो ।

यसैगरी सन् २०२५ को बाह्र महिनामा २३ हजार ६०४ जना अन्य राष्ट्रका विदेशी पर्यटक मुस्ताङ भित्रिदा सन् २०२६ को दुई महिना बाँकी रहँदा चार हजार ६७१ जना विदेशी विदेशी पर्यटक कम भित्रिएका हुन् । जुन अघिल्लो वर्षको भन्दा (१६.५) प्रतिशत कम पर्यटक भित्रिएका हुन् ।

एक्याप प्रमुख गुप्तले नोभेम्बर र डिसेम्बर दुई महिना बाँकी रहेकाले गत वर्षको भन्दा चालुवर्षमा विदेशी पर्यटक संख्या कम नहुने उल्लेख गरे । यस वर्ष रसुवागढीको विनासकारी बाढी घटना तथा जोमसोम-कोरला सडक अवरुद्ध, हवाई सेवा स्थगनलगायत मौसम प्रतिकूलाका कारण मुस्ताङको पर्यटनमा आशिंक असर पुगेको थियो ।

यद्यपि मुस्ताङमा सन् २०२५ को तुलनामा सन् २०२६ मा पर्यटकको सङ्ख्यामा अपेक्षाकृत वृद्धि भएको पाइएको हो । एक्याप जोमसोमका अनुसार सार्क राष्ट्रतर्फ करिब शतप्रतिशत पर्यटक वृद्धि हुनुमा अधिकांश भारतीय पर्यटकको आगमन रहेको उल्लेख गरेको छ । मुक्तिनाथ मन्दिर दर्शनका लागि बर्सेनि भारतीय पर्यटकको सङ्ख्या वृद्धि हुँदै गइरहेको एक्यापको भनाइ छ । यसैगरी अन्य राष्ट्रतर्फ मुस्ताङ भित्रिनेमा राउण्ड अन्नपूर्ण चर्किय पदमार्गको मनाङबाट थोरङ् ला पास हुँदै मुस्ताङ भित्रिनेको संख्या रहेको एक्यापले जनाएको छ ।

‘निजी क्षेत्रको लगानीलाई परिपूरक बनाउनुपर्छ’

■ प्रभाव संवाददाता

काठमाडौं– राष्ट्रिय योजना आयोगका उपाध्यक्ष गुणाकर भट्टले मुलुकको विकासलाई सन्तुलित, समावेशी र विकेन्द्रित बनाउन सार्वजनिक तथा निजी क्षेत्रको लगानीलाई प्रतिस्पर्धी नभई परिपूरक बनाउनुपर्नेमा जोड दिएका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले मंगलबार आयोजना गरेको कार्यक्रममा उपाध्यक्ष भट्टले सार्वजनिक लगानीको प्रभावकारिता र प्रतिफल बढाउनुपर्नेमा जोड दिँदै सरकारले निजी क्षेत्रको लगानी आकर्षित हुन नसकेका क्षेत्रमा पूर्वाधार तथा अन्य आवश्यक सुविधा उपलब्ध गराएर लगानीको वातावरण बनाउनुपर्ने बताए । उनले नेपालको विकासलाई विकेन्द्रित गर्दै पछाडि परेका क्षेत्र र प्रदेशसम्म विकासको प्रतिफल पुऱ्याउनुपर्ने आवश्यकता औंल्याए ।

उपाध्यक्ष भट्टले सार्वजनिक लगानी गर्दा आर्थिक प्रतिफल, सामाजिक प्रतिफल र वातावरणीय जोखिमलाई एकसाथ मूल्यांकन गर्नुपर्ने बताए । विकास आयोजनाको छनोट र कार्यान्वयनमा वातावरणीय जोखिमलाई बेवास्ता गर्न नहुने उल्लेख गर्दै उनले एउटै नदीमा धेरै जलविद्युत् आयोजना निर्माण हुँदा प्राकृतिक विपद्का समयमा क्षति बढ्न सक्ने अवस्थाप्रति ध्यानाकर्षण गराए ।

त्यस अवसरमा नेपाल सरकारका पूर्वमुख्यसचिव बैकुण्ठ अर्यालले ‘नेपालमा सार्वजनिक लगानीको सुदृढीकरण : प्राथमिकता र रणनीतिहरू’ विषयमा प्रस्तुतिकरण दिए । उनले नेपालको सार्वजनिक लगानीलाई उत्पादनमूलक, प्रतिफलमुखी र प्राथमिकतामा आधारित बनाउनुपर्नेमा जोड दिए । सरकारले सबै क्षेत्रमा आफैं लगानी गर्नेभन्दा पनि आधार भूत पूर्वाधार निर्माण, मानव पुँजी विकास र निजी क्षेत्रको लगानी प्रवर्द्धनमा केन्द्रित



हुनुपर्नेमा उनको जोड थियो ।

अर्यालले कृषि, पर्यटन, ऊर्जा, सूचना प्रविधि तथा साना र मझौला उद्योग लगानीका सम्भावित क्षेत्र भएको उल्लेख गर्दै कृषिमा निर्वाहमुखी प्रणालीबाट व्यावसायिक उत्पादनतर्फ रूपान्तरण, प्रविधिको प्रयोग, भण्डारण तथा आपूर्ति प्रणालीको विकास आवश्यक रहेको उल्लेख गरे । त्यस्तै पर्यटन क्षेत्रमा ब्रान्डिङ, प्याकेजिङ र खर्चालु पर्यटक आकर्षित गर्ने रणनीति आवश्यक रहेको उनको भनाइ थियो ।

पूर्वमुख्यसचिव अर्यालले सार्वजनिक संस्थानको लगानी र व्यवस्थापनमा समेत पुनरावलोकन गर्नुपर्ने धारणा राखे । नेपालका ४५ सार्वजनिक संस्थानमध्ये १६ वटा घाटामा रहेको तथ्य प्रस्तुत गर्दै उनले संस्थानको रणनीतिक महत्व र कार्यसम्पादनका आधारमा वर्गीकरण गर्नुपर्ने सुझाव दिए । कमजोर अवस्थामा रहेका संस्थानलाई व्यवस्थापन करार, निजीकरण वा खारेजीमध्ये उपयुक्त विकल्पमार्फत व्यवस्थापन गर्नुपर्ने उनको भनाइ छ ।

त्यस्तै, सरकारले उत्पादनमूलक क्षेत्रमा अनुदान तथा सहुलियत उपलब्ध गराउँदा उत्पादनमा आधारित प्रणाली अपनाउनुपर्ने र भविष्यमा सरकार तथा सार्वजनिक संस्थानमाथि दायित्व थपिने गरी लगानी तथा अनुदान वितरण गर्न नहुनेमा उनले जोड दिए ।

सार्वजनिक लगानी प्रभावकारी बनाउन सरकारको भूमिकामा तीनवटा पक्षबाट सुधार गर्नुपर्ने उनको सुझाव छ । ‘पहिलो, कम हस्तक्षेपसहित प्रभावकारी सरकारको अवधारणा अवलम्बन गर्ने, दोस्रो, क्षेत्रगत तथा आयोजनागत प्राथमिकता निर्धारण गर्ने र तेस्रो, शासन प्रणालीमा व्यापक सुधार गर्नु आवश्यक छ’, उनले भने ।

त्यस अवसरमा आयोजित समूहगत छलफलमा सहभागी नेपाल औषधि लिमिटेडका पूर्वमहाप्रबन्धक कैलाशकुमार पनेरुले सार्वजनिक संस्थानको सबलिकरणका लागि स्वायत्तता दिँदै आवश्यक सहजीकरण गर्न आवश्यक गर्नुपर्नेमा जोड दिए । ‘सार्वजनिक संस्थानलाई बलियो बनाउन आवश्यक छ, यसका लागि स्वायत्तता र जवाफदेहिता महत्वपूर्ण छ, सरकारी निकायले सहजीकरण गरिदिनुपर्छ’, उनले भने ।

उद्योगी शशिकान्त अग्रवालले सरकारले तत्कालीन समयमा संस्थान स्थापना गर्दा विदेशी अनुदानमा सुरु गरेको उल्लेख गरे । ‘तत्कालीन समयमा निजी क्षेत्रलाई आउन सहज थिएन, तर अहिले सहज छ, निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ठाउँमा सहज बनाउँदै आवश्यकता भएका ठाउँमा सरकारी संस्थानमा अन्तर्राष्ट्रिय कम्पनीसँगको सहकार्यमा जान सकिन्छ’, उनले भने ।

त्यसैगरी समृद्धि फाउण्डेसनका सहसंस्थापक अर्पिता नेपालले सरकारले कुन ढाँचामा उद्योगमा लगानी गर्ने हो त्यो स्पष्ट हुनुपर्नेमा जोड दिए । ‘सरकारको प्राथमिकता उद्योग सञ्चालन हो कि आपूर्तीमा हो त्यसमा स्पष्ट हुनुपर्छ, सोही अनुसार अत्यावश्यक ठाउँमा लगानी गर्न सकिन्छ, सबै उद्योगमा लगानी जरुरी नहुनसक्छ’, उनले भने ।

मुस्ताङ-डोल्पा सडक स्तरोन्नति गर्न ११ करोड बजेट

मुस्ताङ– गण्डकी प्रदेशको मुस्ताङ र कर्णाली प्रदेशको डोल्पा जोड्ने सडक मर्मत तथा स्तरोन्नतिका लागि संघ र प्रदेश सरकारबाट रु ११ करोड बजेट विनियोजन भएको छ ।

त्यस सडक निर्माण तथा स्तरोन्नतिका लागि संघ र प्रदेशले रणनीतिक महत्वको सडकका रूपमा बेग्ला-बेग्लै शीर्षकमा बजेट विनियोजन गरेका हुन् । हाल काम चलाउका रूपमा त्यस क्षेत्रमा सडक जोडिएको भए पनि उक्त क्षेत्रमा सहज रूपमा यातायात सञ्चालन हुन सकेको छैन ।

मुस्ताङको वारागुङ-३ एक्लेभट्टीदे छुकसुम्बसम्म सडकको अवस्था सामान्य रहे पनि छुकसम्बदेखि भेरोलसम्म जोखिमपूर्ण छ । त्यस खण्डमा कतिपय स्थानमा ट्याक खोल्न बाँकी नै छ भने कतिपय साँघुरो घुम्तीका कारण ट्याक्टरसमेत सञ्चालन गर्न सकिएको छैन ।

यद्यपि उपल्लो डोल्पाका लागि उक्त सडक निकै महत्वपूर्ण पहुँच मार्गका रूपमा लिने गरिएको छ । त्यहाँका नागरिकलाई खाद्यान्न ढुवानीदेखि पोखरा-काठमाडौं आवतजावत गर्न उक्त सडक सबैभन्दा छिटो र सहजको रूपमा हुने अपेक्षा गरिएको छ । त्यस सडक

> गण्डकी प्रदेशको मुस्ताङ र कर्णाली प्रदेशको डोल्पा जोड्ने सडक मर्मत तथा स्तरोन्नतिका लागि संघ र प्रदेश सरकारबाट रु ११ करोड बजेट विनियोजन भएको छ ।

निर्माण सम्पन्न भएपछि माथिल्लो डोल्पामा भ्रमण गर्ने पर्यटकका लागिसमेत सहज हुनेछ ।

उक्त सडकको छुकसम्मदेखि भेरोलसम्मको करिब चार किलोमिटर निर्माण तथा स्तरोन्नतिका लागि गण्डकी प्रदेश सरकारबाट चालु वर्ष एक करोड बजेट विनियोजन भएको पूर्वाधार विकास कार्यालयका प्रमुख रवीन चोख्यालले जानकारी दिए ।

उनका अनुसार क्षेत्रमा सडक स्तरोन्नतिका लागि गण्डकी प्रदेश सरकारसँग पाँच करोड स्रोत सुनिश्चित गरी बहुवर्षीय योजनाको रूपमा लैजाने कार्यालयद्वारा आवश्यक तैयार ीसमेत पूरा गरिसकेको छ । बहुवर्षीय स्रोत सुनिश्चित भए लगत्तै छुकसम्म-भेरोल सडकको ठेक्का खुलाइने प्रमुख चोख्यालको भनाइ छ । मुस्ताङ-डोल्पा सडकका लागि प्रदेश सरकारद्वारा बजेट विनियोजन भएसँगै पूर्वाधार विकास कार्यालयको प्राविधिक टोलीले त्यस सडकको यथाशीघ्र प्रारम्भिक अध्ययन सुरु गर्ने जनाइएको छ ।

उक्त सडकको वारागुङ-३ पाक्लिङदेखि-५ छुकसम्बसम्मको ५२ किलोमिटर सडको स्तरोन्नतिका लागि चालु आवमा रु १० करोड रकम विनियोजन भएको डिभिजन सडक बाग्लुङका इञ्जिनियर सागर भण्डारीले जानकारी दिए । गतवर्ष छुकुसम्मदेखि केहीमाथिसम्म कार्यालयबाट सडक निर्माण सुरु गरेकामा चालु वर्ष पाक्लिङदेखि छुकसम्म स्तरोन्नति गर्ने गरी विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) अन्तिम चरणमा पुगेको इञ्जिनियर भण्डारीले जानकारी दिए । त्यसका लागि मध्यकालीन खर्च संरचनाको स्रोत सहमति स्वीकृत हुन बाँकी रहेको जनाइएको छ । मुस्ताङको पाक्लिङदेखि डोल्पाको याकखर्कसम्मको करिब ६० किलोमिटर दुरी छ । त्यसमध्ये पाक्लिङदेखि छुकसम्बसम्मको ५२ किलोमिटर दुरीमा कच्चीसडक विस्तार भएकाले स्तरोन्नति गर्दै लैजाने योजना छ ।

तनहुँ जलविद्युत्को जलाशयमा रुख कटान सुरु

दमौली (प्रस)– तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनाको जलाशय क्षेत्रमा रहेका रुख कटानका लागि प्रक्रिया सुरु गरिएको छ । यसका लागि आयोजनाले जलाशय क्षेत्रभित्र पर्ने २५ वटा सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिसँग पहिलो चरणको परामर्श बैठक गरेको छ । डिभिजन वन कार्यालय तनहुँको समन्वयमा आयोजित बैठकमा जलाशय क्षेत्रमा रहेका रुखको गणना, छपान तथा कटानसम्बन्धी प्रक्रियाबारे छलफल गरिएको आयोजनाले जनाएको छ ।

बैठकमा रुख गणना, छपान र कटानका लागि अपनाउनुपर्ने विधि तथा प्रक्रियाबारे सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधिलाई जानकारी गराइएको थियो । उक्त कार्यमा सामुदायिक वन उपभोक्ता समूहको भूमिका, सहभागिता र आवश्यक समन्वयका विषयमा समेत छलफल भएको छ । आयोजना प्रमुख श्यामजी भण्डारीले जलाशय क्षेत्रभित्र पर्ने रुख कटानको काम व्यवस्थित रूपमा अघि बढाउन सामुदायिक वन उपभोक्ता समूहसँग परामर्श सुरु गरिएको जानकारी दिए । रुख गणना, छपान तथा कटानसम्बन्धी प्रक्रिया अघि बढाउँदा सम्बन्धित वन समूहको सहभागिता र समन्वयलाई महत्व दिइएको उनले बताए ।

जलाशय क्षेत्रभित्र पर्ने वन क्षेत्रको व्यवस्थापन आयोजनाको निर्माण प्रक्रियासँग जोडिएको विषय भएकाले प्रचलित वनसम्बन्धी कानुनी व्यवस्था र निर्धारित प्रक्रियाअनुसार काम अघि बढाउनुपर्ने भण्डारीले बताए । रुख गणना, कटान तथा आवश्यक प्रक्रिया पूरा गर्न उपभोक्ता समूहले कसरी सहभागिता जनाउने भन्ने विषयमा बैठकमा छलफल भएको थियो ।

बैठकमा छलफल भएका विषयलाई कार्यान्वयनमा लैजान आवश्यक प्रक्रिया अघि बढाउने सहमति भएको आयोजना प्रमुख भण्डारीले जानकारी दिए ।

सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं

- सामाजिक सञ्जालमा जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद् भावमा खलल पुऱ्याउने तथा भ्रम सिर्जना गर्ने कार्य नगरौं,



- राष्ट्रिय सुरक्षा र एकतामा आँच नपुऱ्याऔं,
- कसैको प्रतिष्ठा, मर्यादा र आत्मासम्मानमा ठेस नपुऱ्याऔं,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना नगरौं,
- शान्ति सुरक्षामा खलल पार्ने एवम् प्रचलित कानूनले रोक लगाएका सामग्रीहरू पोष्ट, शेयर, ट्याग, ह्यासट्याग जस्ता कार्यहरू कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ